ग्राहक प्रति

वर्ष २० | अंक ५३ | काठमाडौं | सोमवार, २६ कात्तिक २०८१ | Monday, 11 November 2024 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

सानिमा बैंक र दराजबीच सहकार्य ३
मौद्रिक नीतिको प्रथम समीक्षाले समेट्नु पर्ने पक्षहरू ४
सप्तरीका किसान धान भित्र्याउन व्यस्त ९
आइसीसी यु–१९ मा नेपाल विजयी १२



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।

# कालोसूचीमा पर्ने लघुवित्तका ऋणीहरू ह्वात्तै बढे

**यादव हुमागाई**
काठमाडौं

लघुवित्त वित्तीय संस्थाका साढे ५०० ऋणी कर्जा सूचना केन्द्रको कालोसूचीमा परेका छन् । आर्थिक गतिविधिमा देखिएको शिथिलता र ऋण नतिर्ने आन्दोलनका कारण असुली प्रभावित भएपछि कालो सूचीमा पर्नेको संख्या बढेको हो ।

कर्जा सूचना केन्द्रको तथ्यांकअनुसार चालू आर्थिक वर्ष (आव) को असोज २३ गतेसम्ममा लघुवित्तका ५ हजार ४२७ ऋणी कालो सूचीमा परेका छन् । २०८० असारसम्ममा ६७४ जना ऋणी कालो सूचीमा परेकोमा २०८१ असारमा बढेर ४ हजार नाघेको थियो । चालू आवको पहिलो ४ महीनामै १ हजार ऋणी कालो सूचीमा थपिएका छन् ।

लघुवित्तमा देखिएको कर्जाको दोहोरोपना र ऋण दुरुपयोग हटाउन राष्ट्र बैंकले २ वर्षअघि लघुवित्तलाई केन्द्रमा सदस्य बन्न र सूचना आदानप्रदान गर्न निर्देशन दिएको थियो । त्यसअनुसार केन्द्रले २०७९ साउनदेखि लघुवित्तको छुट्टै कालो सूची प्रकाशित गर्न थालेको हो ।

लघुवित्तका ऋणी कालो सूचीमा पर्ने क्रम बढ्दै गएपछि राष्ट्र बैंकले गत भदौमा निर्देशन जारी गरी कर्जा पुन: संरचना गरी कालो सूचीबाट हटाउन सक्ने सुविधा दिएको छ । निर्देशनअनुसार लघुवित्तहरूले नियतवश कर्जा नतिर्नेको सूची तयार पारी परिस्थितिजन्य कारणले ऋण तिर्न नसक्नेलाई भुक्तानी अवधि ३ वर्ष थप गरी पुन: संरचना वा पुन: तालिकीकरण गर्न पाउने सुविधा दिएको छ । यस्तो पुन: संरचनापछि ऋणीलाई कालो सूचीबाट हटाउन सक्ने व्यवस्था छ ।

### कालोसूचीमा परेका लघुवित्तका ऋणी




**२०८० असारसम्ममा ६७४ जना ऋणी कालोसूचीमा रहेकोमा गत असोज २३ सम्ममा बढेर साढे ५ हजार पुगेको छ ।**

राष्ट्र बैंकको निर्देशनअनुसार लघुवित्तहरूले ५ लाख रुपैयाँभन्दा बढी कर्जा नतिर्ने ऋणीलाई कालो सूचीमा राख्न सिफारिश गर्नुपर्ने व्यवस्था छ । तर, संस्थाले चाहेमा ५ लाख रुपैयाँभन्दा कम कर्जा नतिरेका ऋणीलाई पनि कालो सूचीमा राख्न सिफारिश गर्न पाउँछन् ।

कालो सूचीमा परेको व्यक्तिले बैंक तथा वित्तीय संस्थामा खाता खोल्न तथा ऋण लिन पाउँदैन । कालो सूचीको व्यक्तिले कर्जाको सम्पूर्ण साँवाब्याज भुक्तानी गरेपछि कालो सूचीबाट हटाउन सम्बद्ध संस्थाले सूचना केन्द्रलाई सिफारिश गर्नुपर्ने प्रावधान छ ।

निर्देशनअनुसार लघुवित्तले कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुन: संरचना वा पुन: तालिकीकरण गर्नुअगावै ऋणी/ग्राहकका बारेमा केन्द्रबाट अनिवार्य रूपमा कर्जा सूचना लिनुपर्ने र ऋण नतिरेका खराब ऋणीलाई पनि केन्द्रको कालो सूचीमा राख्न सिफारिश गर्नुपर्ने प्रावधान छ ।

आर्थिक गतिविधिमा कमी आउँदा सर्वसाधारणमा ऋणको किस्ता तिर्ने क्षमता घट्नुका साथै ऋण मिनाहाको मागसहितको आन्दोलन शुरू भएपछि लघुवित्तहरूको असुली प्रभावित भएको छ । यसैगरी राष्ट्र बैंकले एकैपटक दोहोरो कर्जामा रोक लगाउनुका साथै सीमा पनि घटाएपछि ऋण असुली प्रभावित भएको लघुवित्तकर्मी बताउँछन् ।

'हिजो लघुवित्तहरूले आक्रामक किसिमले लगानी बढाए,' एन.आई.सी. एशिया लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत चोलाराज शर्माले भने, 'राष्ट्र बैंकले एकैपटक दुईभन्दा बढी संस्थामा सदस्य बस्न नपाउने व्यवस्था गर्दै कर्जाको सीमा १५ लाखबाट ७ लाख रुपैयाँमा झार्दा असुलीमा समस्या भएको हो ।' राष्ट्र बैंकको तथ्यांकअनुसार हाल सञ्चालनमा रहेका ५२ ओटा लघुवित्त संस्थामा ५९ लाख ९५ हजार सदस्य छन् । त्यसमा ऋण लिनेको संख्या २६ लाख ६३ हजार छ ।

बैंक, वित्तीय संस्थाको पहुँचमा पुग्न नसक्ने गरीब र विपन्नको समूह निर्माण गरी लघुवित्तले सामूहिक जमानीमा तथा विनाधितोमा ऋण दिँदै आएका छन् । तर, लघुवित्तहरूले विपन्न मानिसलाई आवश्यकताभन्दा बढी ऋण दिएकाले तिर्न नसक्ने अवस्थामा पुगेको भन्दै आलोचना भइरहेको छ ।

लघुवित्तबाट पीडित भएको भन्दै सर्वसाधारण आन्दोलित भएपछि राष्ट्र बैंक र सरकारले दुईओटा छुट्टाछुट्टै समिति बनाएर अध्ययन गराएको थियो । अध्ययनको सुझावका आधारमा लघुवित्त संस्थाबारे नीतिगत सुधार भइरहेको बताइएको छ ।

# आईपीओको बाटो खोल्न रिलायन्स स्पिनिङ मिल्सको हारगुहार

**प्रजिता बुढाथोकी**
काठमाडौं



- धितोपत्र बोर्ड र प्रतिनिधिसभा अन्तर्गतका अर्थ समिति र सार्वजनिक लेखा समितिमा पत्राचार
- असार २६ गते बसेको धितोपत्र बोर्ड सञ्चालक समिति बैठकले रोकेको थियो, आईपीओ प्रक्रिया
- उच्च अदालत पाटनबाट आईपीओको बाटो खुला
- आईपीओ ढिला भएपछि केही योग्य संस्थागत लगानीकर्ताले ब्याजसहित रकम फिर्ता मागेको कम्पनीको भनाइ

रिलायन्स स्पिनिङ मिल्सले साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) को बाटो खोलिदिन आग्रह गर्दै नेपाल धितोपत्र बोर्ड र संसदीय समितिहरूलाई पत्र लेखेको छ ।

उच्च अदालत पाटनले आईपीओविरुद्ध परेको रिटमा सुनुवाइ गर्दै बाटो खोलिदिएपछि कम्पनीले नियामक निकाय धितोपत्र बोर्ड, प्रतिनिधिसभाअन्तर्गतको अर्थ समिति र सार्वजनिक लेखा समितिलाई पत्राचार गरी अनुमतिका लागि अनुरोध गरेको हो । रिलायन्सले योग्य संस्थागत लगानीकर्ताका लागि शेयर निष्कासन गर्दा र सर्वसाधारणअन्तर्गत वैदेशिक रोजगारीमा रहेका नेपालीलाई बुक बिल्डिङ विधिबाट शेयर निष्कासन गर्न खोज्दा वित्तीय विवरण फरक परेपछि यो मामला विवादमा फसेको थियो ।

वित्तीय अवस्थाको उचित अध्ययन नगरी उक्त कम्पनीलाई उच्च मूल्यमा आईपीओ निष्कासन गर्न दिएको आरोप लागेपछि सार्वजनिक लेखा समितिले असार २५ गते धितोपत्र बोर्डलाई स्पष्टीकरण सोधेको थियो । त्यसको भोलिपल्ट- असार २६ गते बसेको बोर्ड सञ्चालक समिति बैठकले रिलायन्सको आईपीओ प्रक्रिया स्थगित गर्ने निर्णय गरेको थियो ।

सार्वजनिक निष्कासन रोकी पाऊँ भनी हरिबहादुर केसीसमेतले उच्च अदालत पाटनमा दायर गरेको रिट निवेदनउपर सुनुवाइ गरी असार २६ गते अदालतले सार्वजनिक निष्कासन तत्काल रोक्न अन्तरिम आदेश जारी गरेको थियो । पछि साउन १४ गते दुवै पक्षको जवाफ सुनेपछि अदालतबाट अन्तरिम आदेशलाई निरन्तरता नदिने गरी आदेश जारी भएको थियो ।

'उच्च अदालतबाट विस्तृत रूपमा आधार र कारण खुलाई जारी आदेशपश्चात् सर्वसाधारणमा यस कम्पनीको शेयर निष्कासन गर्ने खुलिसकेको छ,' आर्थिक अभियानलाई प्राप्त कम्पनीले धितोपत्र बोर्डलाई कात्तिक १४ गते लेखेको चिठीमा भनिएको छ, 'तसर्थ यस कम्पनीको सार्वजनिक शेयर निष्कासन अविलम्ब खुला गरी दिनुहुन सादर अनुरोध गर्दछौं ।'

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पनि उजुरी परेकोमा उक्त उजुरी तामेलीमा राखिएको रिलायन्सले जानकारी दिएको छ । सार्वजनिक लेखा समितिले उक्त कम्पनीको शेयरको सार्वजनिक निष्कासन सम्बन्धमा धितोपत्र बोर्डबाट पनि जानकारी मागेको थियो । बोर्डले विस्तृत जानकारी दिइसकेको सन्दर्भमा अब सार्वजनिक निष्कासनको अवरोध हट्नुपर्ने माग कम्पनीको छ । उच्च अदालत पाटनबाट समेत सफाइ पाइसकेको भन्दै आईपीओको बाटो खुला गर्न कम्पनीले पत्राचार गरेको बोर्डका एक उच्च अधिकारीले नाम नबताउने शर्तमा आर्थिक अभियानलाई जानकारी दिए ।

उनका अनुसार बोर्डले पनि सार्वजनिक लेखा समितिलाई कम्पनीको आईपीओ स्वीकृति प्रक्रियामा कुनै कैफियत नभएको जवाफ पठाइसकेको छ । 'बोर्डको जवाफमाथि सार्वजनिक लेखा समितिले छलफल गर्न आवश्यक भए पनि हालसम्म छलफलका लागि बोलाएको छैन,' उनले भने । संसदीय समितिले कुनै निर्देशन नदिएको बहानामा बोर्डले पनि यसबारे निर्णय गरेको छैन । रिलायन्सका अनुसार यस कम्पनीमा लगानी गरेका योग्य संस्थागत लगानीकर्ताको रकम फ्रिज भएर बसेको छ ।

» बाँकी पृष्ठ ५ मा

# हस्तकला प्रविधिमा विदेशी लगानी खोज्दै व्यवसायी

**हिमा वि.क**
काठमाडौं



- नेपालमा हातेकागजको उत्पादन र निर्यात बढाउन विदेशबाट लोक्ता कुहाउने, कागज सुकाउने, प्राकृतिक रूपमा रहेको फाइबरबाट कपास बनाउने, धागो कात्नेजस्ता प्रविधि ल्याउनुपर्ने आवश्यक्ता

विगतमा हस्तकला क्षेत्रमा विदेशी लगानी आएमा स्वदेशी उद्योग धराशयी हुने खतरा देख्ने हस्तकला उत्पादक अहिले यो क्षेत्रमा विदेशी लगानीप्रति सकारात्मक हुन थालेका छन् ।

खासगरी हस्तकला क्षेत्रमा नवीन प्रविधि ल्याई देशको हस्तकलालाई अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन विदेशी प्रविधि हस्तान्तरण आवश्यक भइसकेको उनीहरूको ठहर छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले हस्तकला क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीमाथि रोक लगाएको छ । तर, ऐनअनुसार विदेशी लगानीकर्ताले नेपालमा स्थापित कुनै उद्योगमा प्रविधि हस्तान्तरण गरी विदेशी लगानी गर्न सक्छन् । उक्त प्रावधानअनुसार विदेशी प्रविधि ल्याउन प्रयत्न गर्नुपर्ने हस्तकला उद्योगीको भनाइ छ । उनीहरूका अनुसार हालसम्म यो क्षेत्रमा प्रविधि हस्तान्तरणमार्फत प्रविधिमा लगानी आएको छैन ।

'हस्तकलाको २/३ थरी उद्योगमा विदेशी प्रविधि हामीलाई चाहिएको छ,' नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्य भन्छन्, 'एउटा धातु मूर्तिकला (मेटल क्राफ्ट) व्यवसायमा करोडौंको प्रविधि आवश्यक पर्छ । बजारको हिसाबले अर्को ज्वेलरीका साथै ऊनीजन्य उत्पादन (पश्मिना)का लागि पनि प्रविधि खोजिएको हो ।'

खासगरी धातुजन्य हस्तकला निर्माण गर्दा स्वास्थ्य र वातावरणीय जोखिम रहेको र त्यसलाई न्यूनीकरण गर्ने प्रविधि विदेशमा भएकाले व्यवसायीले नेपाल ल्याउन खोजेका हुन् । हस्तकलाका लागि कतिपय कच्चा पदार्थ विकास गर्न विदेशी प्रविधि आवश्यक पर्ने शाक्यको भनाइ छ ।

उद्योगीका अनुसार विगतमा प्रत्यक्ष विदेशी लगानी ल्याउन नहुनेमा जोड दिँदै आए पनि विदेशी प्रविधि पनि भित्रिन नसक्दा विश्व बजारले चाहेअनुसार हस्तकला उत्पादन गर्न नेपाली उत्पादकहरूले अनेकौं चुनौती भोग्दै आएका छन् । विदेशी लगानीसँगै प्रविधि पनि हस्तान्तरण हुने हुँदा विदेशी लगानीसँग डराउन नहुने कतिपय विज्ञहरूले बताउँदै आएका छन् ।

रिचुअल ह्यान्डी क्राफ्टका प्रोप्राइटर सनम शाक्यले पनि हस्तकलामा प्रविधि भित्र्याउने उद्योगीहरूको चाहना रहेको बताए । नेपालमा हातेकागजको उत्पादन र निर्यात बढाउन विदेशबाट लोक्ता कुहाउने, कागज सुकाउने, प्राकृतिक रूपमा रहेको फाइबरबाट कपास बनाउने, धागो कात्नेजस्ता प्रविधि ल्याउनुपर्ने बताए ।

» बाँकी पृष्ठ ५ मा

नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# मानव तस्करीको आरोप लागेका पूर्वमन्त्री पक्राउ

**वेदराज पौडेल**
विराटनगर



पदको दुरुपयोग गरी गैरकानूनी रूपमा मानिसलाई जापान पुऱ्याउन खोजेको आरोप लागेका कोशी प्रदेशका पूर्वआन्तरिक मामिला तथा कानूनमन्त्री लीलावल्लभ अधिकारीलाई प्रहरीले पक्राउ गरी काठमाडौं पठाएको छ ।

संघीय मन्त्रिपरिषद् र प्रदेश सरकारको स्वीकृतिविना जापान गएको र आफ्नो साथमा तीन जनालाई मन्त्रालयको कर्मचारी बनाएर जापान लगेको आरोप अधिकारीमाथि लागेको छ ।

अधिकारीलाई मोरङ प्रहरीले आइतवार विराटनगरस्थित निवासबाटै पक्राउ गरी यती एयरलाइन्सको जहाजबाट काठमाडौं पठाएको हो । काठमाडौं प्रहरीको अनुरोधमा मोरङ प्रहरीले उनलाई पक्राउ गरेको हो ।

काठमाडौं एयरपोर्टबाट उनलाई प्रहरीले जिल्ला अदालत काठमाडौं लगी अनुसन्धानका लागि २ दिन हिरासतमा राख्ने अनुमति लिएको छ ।

मोरङ निर्वाचन क्षेत्र नम्बर २ 'ख'बाट प्रदेशसभा सदस्य निर्वाचित नेकपा (एमाले)का नेता अधिकारी प्रदेशसभा सदस्य हुनुअघि कानून व्यवसायी थिए । कात्तिक १३ गते आर्ट्स काउन्सिल टोक्योको आयोजनामा हुने कार्यक्रममा सहभागी हुन उनी प्रदेश र संघीय सरकारको स्वीकृति नलिई जापान उडेका थिए । अधिकारीले आफ्नो समूहमा हङकङबाट रसुवाका कञ्चन देवकोटा, खोटाङका दावा शेर्पा र जनक राईलाई सहभागी गराएका थिए ।

तर, टोक्यो विमानस्थलको अध्यागमनले कार्यक्रमको कागजात र मन्त्रीसँग गएकाहरूको कागजात शंकास्पद रहेको भन्दै नेपाल फिर्ता गरेपछि अधिकारी विवादमा तानिएका थिए । जापानबाट डिपोर्ट भएका तीन जनालाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाटै प्रहरीले पक्राउ गरेको थियो ।

पार्टी, प्रदेश सरकार र संघीय सरकारलाई जानकारी नदिई जापान गएको र अन्य व्यक्तिलाई कर्मचारी बनाएर सँगै लगेको विषयमा विवाद बढेपछि उनले बुधवार मन्त्री पदबाट राजीनामा दिएका थिए ।

» बाँकी पृष्ठ ५ मा



# भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८१/७/२६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस भेन्चर हायर पर्चेज प्रा. लि. बाट हायर पर्चेज कर्जा बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस भेन्चर हायर पर्चेज प्रा. लि. को प्रधान कार्यालय पानिपोखरीबाट हायर पचज कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस भेन्चर हायर पर्चेज प्रा. लि. मा समय सयममा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्वन्धी शर्त बन्देज उल्लघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवस्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस भेन्चर हायर पर्चेज प्रा. लि. संस्थामा सम्पर्क राखी यस संस्था लाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस संस्था को नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैकिङ्ग कसुर ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो र कब्जामा लिएको सवारी लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्था को लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितो र सवारीबाट यस संस्था को सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचिलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानिकर्तालाई समेत कलो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

## तपसिल

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|---|
| १. | **नाम थर : बिक्रम पौडेल**<br>बाबु : माधव प्रसाद पौडेल<br>बाजे : बुद्धिनाथ पौडेल<br>ठेगाना : हेटौडा-०९, मकवानपुर<br>ना.प्र.नं. २५/२४५<br>जारी मिति. २०५४/११/२२<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकवानपुर<br>कर्जा शीर्षक. हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : यशोदा पौडेल<br>ससुरा : माधव प्रसाद पौडेल<br>पति : बिक्रम पौडेल<br>ठेगाना : हेटौडा - ०९, मकवानपुर<br>ना.प्र.नं. १९/१४१८२<br>जारी मिति : २०६१/०२/१०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकवानपुर | नाम थर : बिनित पौडेल<br>बाबु : बिक्रम पौडेल<br>बाजे : माधव प्रसाद पौडेल<br>ठेगाना : हेटौडा - ०९, मकवानपुर<br>ना.प्र.नं. ३१-०१-७६-०८०९८<br>जारी मिति : २०७६/०८/१८<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकवानपुर | नाम थर : युकिता पौडेल<br>बाबु : बिक्रम पौडेल<br>बाजे : माधव प्रसाद पौडेल<br>ठेगाना : हेटौडा - ०९, मकवानपुर<br>ना.प्र.नं. ३१-०१-७८-००७००<br>जारी मिति. २०७८/०३/१४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकवानपुर |

| जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|
| नाम थर : माधव प्रसाद पौडेल<br>बाबु : बुद्धिनाथ पौडेल<br>बाजे : प्रेम नाथ पौडेल<br>ठेगाना : हेटौडा - ०४, मकवानपुर<br>ना.प्र.नं. ३१-०१-७४-१३९९२<br>जारी मिति : २०७४/१२/०९<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकवानपुर | नाम थर : तिलक बहादुर कार्की<br>बाबु : कमल बहादुर कार्की<br>बाजे :<br>ठेगाना : हेटौडा- ०८, मकवानपुर<br>ना.प्र.नं. ३८/६३४०६<br>जारी मिति : २०५०/०१/०६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मकवानपुर | १. सवारी साधन VIKING 222 नं. बा प्र ०३ ००१ ख २७२० ईन्जिन नं MAEZ416306 गाडीको लिगलगापात समेत ।<br>२. सवारी साधन VIKING 222 नं. बा प्र ०३ ००१ ख २७२१ ईन्जिन नं MAEZ416306 गाडीको लिगलगापात समेत । |

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|---|
| २. | **नाम थर : श्याम पुकार साह**<br>बाबु : राजेन्द्र साह<br>बाजे : पुरन साह तेली<br>ठेगाना : बेलबारी - ०८, मोरङ्ग<br>ना.प्र.नं. ०५-०१-७०-००१४२<br>जारी मिति : २०७०/११/२४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग<br>कर्जा शीर्षक : हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : समिला कुमारी<br>पति : राजेन्द्र साह<br>ससुरा : पुरन साह तेली<br>ठेगाना : बेलबारी - ०८, मोरङ्ग<br>ना.प्र.नं. ७६७८३६३४<br>जारी मिति : २०४५/०२/०१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सप्तरी | नाम थर : राजेन्द्र साह<br>बाबु : पुरन साह तेली<br>बाजे :<br>ठेगाना : बेलबारी - ०८, मोरङ्ग<br>ना.प्र.नं. ४४४८<br>जारी मिति : २०५५/०२/१०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सप्तरी | नाम थर : समत लाल साह<br>बाबु : सत्य नारायण साह<br>बाजे : रुपन साह तेली<br>ठेगाना : सुनवर्सी - ०९, मोरङ्ग<br>ना.प्र.नं. १६-०१-७३-२८८८<br>जारी मिति: २०७३/०२/३०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग |

**धितोको विवरण**

१. सवारी साधन LYNX 4900 CHASSIS नं. प्र १ ०२-००२ ख ०११५ ईन्जिन नं. NHEZ409272 गाडीको लिगलगापात समेत ।

| सि.नं. | ऋणी विवरण |
|---|---|
| ३. | नेपाल सरकार, उद्योग मन्त्रालय उद्योग विभागमा दर्ता भएको औद्योगिक व्यवसाय नियमावली २०७६<br>**फर्मको नामः नेशनल ड्रिलिङ्ग कम्पनी प्रा.लि.**<br>दर्ता नंः २६१८/०४३/०४४, दर्ता मितिः २०४४/०१/२२, पान नंः ३०००६२५३७, दर्ता मितिः २०५४/११/१९ |

| ऋणी तथा जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| नाम थर : नरेन्द्र बहादुर के.सी.<br>बाबु : तेज बहादुर के.सी.<br>बाजे : धन बहादुर के.सी.<br>ठेगाना : बुढानिलकण्ठ - ०६, काठमाडौं<br>ना.प्र.नं. २८-०१-७३-०३३११<br>जारी मिति : २०७३/०५/०८<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काठमाडौं<br>कर्जा शीर्षक. हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : निरज के.सी.<br>बाबु : नरेन्द्र बहादुर के.सी.<br>बाजे : तेज बहादुर के.सी.<br>ठेगानाः बुढानिलकण्ठ - ०६, काठमाडौं<br>ना.प्र.नं.<br>जारी मिति :<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काठमाडौं | नाम थर : हेमा राउत क्षेत्री (के.सी.)<br>ससुरा : नरेन्द्र बहादुर के.सी.<br>पति : निरज के.सी.<br>ठेगानाः बुढानिलकण्ठ -०९, काठमाडौं<br>ना.प्र.नं. १६३२३/४२२७०<br>जारी मिति : २०५३/०३/०३<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काठमाडौं |

**धितोको विवरण**

१. सवारी साधन AL 2518IL-5029MM WB नं. बाग्मती प्र ०३ ००१ क ०८५६, ईन्जिन नं MNEZ416694 को गाडी ।

| सि.नं. | ऋणी विवरण |
|---|---|
| ४. | नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**फर्मको नामः पब्लिक बिल्डर्स प्रा. लि.**<br>दर्ता नंः १५२२६०/०७३/०७४, दर्ता मितिः २०७३/०४/०५, पान नंः ६०४२८९२७४, दर्ता मितिः २०७३/१२/०३ |

| ऋणी तथा जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|
| नाम थर : दिक्षान्त दाहाल<br>बाबु : भैरव प्रसाद दाहाल<br>बाजे : देबि प्रसाद दाहाल<br>ठेगानाः काठमाडौं - ०९, काठमाडौं<br>ना.प्र.नं. ३८५३<br>जारी मिति. २०५७/११/११<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काठमाडौं<br>कर्जा शीर्षक : हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम : जेयी कन्स्ट्रक्सन प्रा.लि.<br>मन्त्रालय : उद्योग, बाणिज्य तथा आपूर्ति<br>जारी गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता मिति : २०७९/०८/१५<br>दर्ता नं. : ७७०/०३२/०३३<br>ठेगाना : काठमाडौं - ०४, काठमाडौं | १. सवारी साधन U-2518IL Tipper नं. बा.प्र ०३ ००१ ख १३३२ ईन्जिन नं LMHZ417923 गाडीको लिगलगापात समेत ।<br>२. सवारी साधन U-2518IL Tipper नं. म प्र ०३ ००१ क २८२३ ईन्जिन नं LMHZ417412 गाडीको लिगलगापात समेत । |

| सि.नं. | ऋणी विवरण |
|---|---|
| ५. | नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**फर्मको नामः जेयी कन्स्ट्रक्सन प्रा. लि.**<br>दर्ता नंः ७७०/०३२/०३३, दता मितिः २०३२/०४/१८, पान नंः ३०००५४५९८, दर्ता मितिः २०५४/०९/०१ |

| ऋणी तथा जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|
| नाम थर : दिक्षान्त दाहाल<br>बाबु : भैरव प्रसाद दाहाल<br>बाजे : देबि प्रसाद दाहाल<br>ठेगानाः काठमाडौं - ०१, काठमाडौं<br>ना.प्र.नं. ३८५३<br>जारी मिति. २०५७/११/११<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काठमाडौं<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | १. सवारी साधन U-2518 नं. प्र २ ०१ ००१ क ०१०६ ईन्जिन नं LXHZ414127 गाडीको लिगलगापात समेत ।<br>२. सवारी साधन U-2518 नं. लु २ ख ६७०९ ईन्जिन नं KLHZ414227 गाडीको लिगलगापात समेत ।<br>३. सवारी साधन U-2518 नं. लु २ ख ६६८० ईन्जिन नं KXHZ412897 गाडीको लिगलगापात समेत ।<br>४. सवारी साधन U-2518 नं. प्र १ ०१ ००१ ख ३७०४ ईन्जिन नं JXHZ447796 गाडीको लिगलगापात समेत ।<br>५. सवारी साधन U-2518 नं. रा १ ख २४०६ ईन्जिन नं KYHZ120509 गाडीको लिगलगापात समेत ।<br>६. सवारी साधन U-2518 नं. ग १ क ५०८६ ईन्जिन नं JXHZ447788 गाडीको लिगलगापात समेत ।<br>७. सवारी साधन U-2518 नं. ग १ क ५०८७ ईन्जिन नं JXHZ4101932 गाडीको लिगलगापात समेत । |

| सि.नं. | ऋणी विवरण |
|---|---|
| ६. | नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**कम्पनीको नामः अस्ली नम बुद्ध कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**<br>दर्ता नंः २८८१६२/०७८/०७९, दर्ता मितिः २०७८/१२/२०, पान नंः ६१०२५८२१५ दर्ता मितिः २०७८/०१/१९<br>**निर्देशकः श्याम रुम्बा** |

| ऋणी तथा जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|
| नाम थर : श्याम रुम्बा<br>बाबु : भरत बहादुर रुम्बा<br>बाजे : बिरे रुम्बा<br>ठेगानाः अमलेखगञ्ज - ०८, बारा<br>ना.प्र.नं. ३३३०७३/३५८<br>जारी मिति. २०६३/११/०८<br>जारी गर्ने कार्यालय : जि. प्र. का. बारा<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : बिन्दु रुम्बा<br>बाबु : श्याम रुम्बा<br>बाजे : भरत बहादुर रुम्बा<br>ठेगानाः अमलेखगञ्ज - ०८, बारा<br>ना.प्र.नं. २०७३/२८७७४<br>जारी मिति. २०६७/०१/१६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. बारा | नाम थर : भरत बहादुर रुम्बा<br>बाबु : बिरे रुम्बा<br>बाजे :<br>ठेगानाः अमलेखगञ्ज - ०८, बारा<br>ना.प्र.नं. ४४७/२५३०<br>जारी मिति. २०४४/१/११<br>जारी गर्ने कार्यालय : जि. प्र. का. बारा | नाम थर : निर माया रुम्बा<br>पति : भरत बहादुर रुम्बा<br>ससुरा : बिरे रुम्बा<br>ठेगानाः अमलेखगञ्ज - ०८, बारा<br>ना.प्र.नं. ३३३०७०३/२९२<br>जारी मितिः २०६३/१०/०७<br>जारी गर्ने कार्यालय : जि. प्र. का. बारा |

**धितोको विवरण**

१. सवारी साधन DIGMAX II 4x4 नं. बा.प्र ०३ ००१ क १००१, ईन्जिन नं 4H.3307/2120223 को गाडी ।

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|---|
| ७. | **नाम थर : लक्ष्मण सिंह**<br>बाबु : लाल सिंह<br>बाजे : केहर सिंह<br>ठेगानाः राजविराज -०८, सप्तरी<br>ना.प्र.नं. ६४६<br>जारी मिति. २०३५/०२/२३<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सप्तरी<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : सुखदिप सिंह<br>ससुरा : लाल सिंह<br>पति : लक्ष्मण सिंह<br>ठेगानाः राजविराज -०८, सप्तरी<br>ना.प्र.नं. १६१००१/३१५<br>जारी मितिः २०६४/०३/३१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सप्तरी | १. सवारी साधन ASHOK LEYLAND 3118 IL Truck नं. प्र १ ०२ ००१ ख ९५९९ ईन्जिन नं GEHZ401590 गाडीको लिगलगापात समेत । |

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|
| ८. | **नाम थर : शंकर बि.क.**<br>बाबु : टंक बहादुर बि.क.<br>बाजे : नन्दलाल बि.क.<br>ठेगानाः केराबारी - ०५, मोरङ्ग<br>ना.प्र.नं. ०५३०१०/११८०<br>जारी मिति. २०६३/११/०१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : टिका देवी विश्वकर्मा<br>पति : टंक बहादुर बि.क.<br>ससुरा : नन्दलाल बि.क.<br>ठेगानाः केराबारी - ०५, मोरङ्ग<br>ना.प्र.नं. ४९०/४१८<br>जारी मिति. २०४६/१२/२६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. मोरङ्ग | नाम थर : शेर बहादुर बि.क.<br>बाबु : टिका बहादुर बि.क.<br>बाजे : भक्त बहादुर बि.क.<br>ठेगानाः चौदण्डी - ०१, उदयपुर<br>ना.प्र.नं. १४१००४/८७६५१<br>जारी मिति. २०६४/०९/२९<br>जारी गर्ने कार्यालय : जि. प्र. का. उदयपुर |

**धितोको विवरण**

१. सवारी साधन ECOMET1212 4200 नं बाग्मति प्रदेश १ ०५ ००१ ख ८२३३, ईन्जिन नं KJHZ101332 को गाडी ।

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|---|
| ९. | **नाम थर : सिता कुमारी विश्वकर्मा (रिजाल)**<br>ससुरा : चन्द्र बहादुर कामी<br>बाजे : प्रमेश्वर रिजाल<br>ठेगानाः बर्दिबास - १०, महोत्तरी<br>ना.प्र.नं. २०-०१-७२-०४७०९<br>जारी मितिः २०७२/०९/१६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सिन्धुली<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : प्रमेश्वर रिजाल<br>बाबु : चन्द्र बहादुर कामी<br>बाजे : सन्त बहादुर कामी<br>ठेगानाः बर्दिबास - १०, महोत्तरी<br>ना.प्र.नं. ८९१४३७१६<br>जारी मितिः २०४७/१०/२१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सर्लाही | १. सवारी साधन U 2518 Tipper नं. मधेश प्र ०३ ००१ ख ८९२४ ईन्जिन नं. KLHZ414231 गाडीको लिगलगापात समेत । |

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|
| १०. | **नाम थर : रामहरी आचार्य**<br>बाबु : सम्सेर बहादुर आचार्य<br>बाजे : कला प्रसाद आचार्य<br>ठेगानाः मेलुङ - ०१, दोलखा<br>ना.प्र.नं. १५०१-३९२<br>जारी मितिः २०५२/०१/१३<br>जारी गर्ने कार्यालय : जि. प्र. का. दोलखा<br>कर्जा शीर्षक. हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : कमला आचार्य<br>ससुरा : सम्सेर बहादुर आचार्य<br>पति : रामहरी आचार्य<br>ठेगानाः मेलुङ - ०१, दोलखा<br>ना.प्र.नं. २२३००५/१२२<br>जारी मितिः २०६३/१०/१८<br>जारी गर्ने कार्यालय : जि. प्र. का. दोलखा | नाम थर : सुरज आचार्य<br>बाबु : रामहरी आचार्य<br>बाजे : सम्सेर बहादुर आचार्य<br>ठेगानाः मेलुङ -०१, दोलखा<br>ना.प्र.नं. २२-०१-७५-०७९२०<br>जारी मितिः २०७५/०७/१३<br>जारी गर्ने कार्यालय : जि. प्र. का. दोलखा |

**धितोको विवरण**

१. सवारी साधन 1214 IL Truck नं मे १ ख ४०६९, ईन्जिन नं NMEZ200115 को गाडी ।

| सि.नं. | ऋणी विवरण |
|---|---|
| ११. | नेपाल सरकार, उद्योग कृषि तथा सहकारी मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**फर्मको नामः सगरमाथा लोजिस्टिक सर्भिस**<br>दर्ता नंः ४३१/०८०/०८१, दर्ता मितिः २०८०/०४/११, पान नंः ६२०१८३९८१, दर्ता मितिः २०८०/०४/११<br>**फर्म धनि : डिक्सन श्रेष्ठ र सन्दिप गुरुङ्ग** |

| ऋणी तथा जमानीकर्ताको विवरण | ऋणी तथा जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| नाम थर : सन्दिप गुरुङ्ग<br>बाबु : अम्बर गुरुङ्ग<br>बाजे : बलीमान गुरुङ्ग<br>ठेगानाः म्याङ्गलुङ्ग - ०७, तेह्रथुम<br>ना.प्र.नं. ०८१००४-८४०६<br>जारी मितिः २०६७/११/१६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. तेह्रथुम<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : डिक्सन श्रेष्ठ<br>बाबु : प्रेम बहादुर श्रेष्ठ<br>बाजे : बाबुलाल श्रेष्ठ<br>ठेगानाः इटहरी -०४, सुनसरी<br>ना.प्र.नं. ०६-०१-७२-०८५८८<br>जारी मिति : २०७२/१०/१०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सुनसरी | नाम थर : अम्बर गुरुङ्ग<br>बाबु : बलीमान गुरुङ्ग<br>बाजे :<br>ठेगानाः आम्बुङ्ग - ०२, तेह्रथुम<br>ना.प्र.नं. २३७३६-२६<br>जारी मितिः<br>जारी गर्ने कार्यालय : जि. प्र. का. तेह्रथुम |

| जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| **नाम थर : प्रेम बहादुर श्रेष्ठ**<br>बाबु : बाबुलाल श्रेष्ठ<br>बाजे : अम्बर श्रेष्ठ<br>ठेगानाः इटहरी - ०४, सुनसरी<br>ना.प्र.नं. ०६-०१-७२-०२७१३<br>जारी मिति : २०७२/३०/१०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सुनसरी | नाम थर : सन्त माया गुरुङ्ग<br>ससुरा : बलीमान गुरुङ्ग<br>बाजे : अम्बर गुरुङ्ग<br>ठेगानाः आम्बुङ्ग - ०२, तेह्रथुम<br>ना.प्र.नं. ३९२४५<br>जारी मिति : २०५९/११/१८<br>जारी गर्ने कार्यालय : जि. प्र. का. तेह्रथुम | नाम थर : सरस्वती कुमारी श्रेष्ठ<br>ससुरा : अम्बर श्रेष्ठ<br>पति : प्रेम बहादुर श्रेष्ठ<br>ठेगानाः इटहरी - ०४, सुनसरी<br>ना.प्र.नं. ९६७२४/९७७२४<br>जारी मिति : २०६१/१२/२६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सुनसरी |

**धितोको विवरण**

१. सवारी साधन 2518IL Truck नं. प्र १ ०२ ००२ ख ०३०७ ईन्जिन नं PMEZ403873 गाडीको लिगलगापात समेत ।
२. सवारी साधन 3123 Truck नं. प्र १ ०२ ००२ ख ०३०६ ईन्जिन नं NMHZ401781 गाडीको लिगलगापात समेत ।
३. सवारी साधन AL1616 नं. ना ६ ख ४४८० ईन्जिन नं EXYEZ420512 गाडीको लिगलगापात समेत ।
४. सवारी साधन 2518IL Truck नं. प्र १ ०२ ००२ ख ०३२५ ईन्जिन नं PKEZ409761 गाडीको लिगलगापात समेत ।

| सि.नं. | ऋणीको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|
| १२. | **नाम थर : नर प्रसाद श्रेष्ठ**<br>बाबु : दल बहादुर श्रेष्ठ<br>बाजे : नन्दलाल श्रेष्ठ<br>ठेगानाः बिर्तामोड- ०५, झापा<br>ना.प्र.नं. १७३०४७/७७५<br>जारी मिति. २०५७/१२/०१<br>जारी गर्ने कार्यालय : जि. प्र. का. झापा<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : गोमा देवी श्रेष्ठ<br>ससुरा : दल बहादुर श्रेष्ठ<br>पति : नर प्रसाद श्रेष्ठ<br>ठेगानाः बिर्तामोड - ०५, झापा<br>ना.प्र.नं. ३५७४५०६<br>जारी मितिः २०६१/०९/०७<br>जारी गर्ने कार्यालय : जि. प्र. का. झापा | नाम थर : सुदर्शन थापा<br>बाबु : दिल बहादुर थापा<br>बाजे : पदम बहादुर थापा<br>ठेगानाः बिर्तामोड - ०१, झापा<br>ना.प्र.नं. ७५७५९<br>जारी मितिः २०६१/०९/०९<br>जारी गर्ने कार्यालय : जि. प्र. का. इलाम |

**धितोको विवरण**

१. सवारी साधन VIKING 166 SHERPA नं. प्र १ ०२ ००२ ख ०२५४ ईन्जिन नं NGEZ411901 गाडीको लिगलगापात समेत ।
२. सवारी साधन VIKING 166 SHERPA नं. प्र १ ०२ ००२ ख ०२५३ ईन्जिन नं NGEZ411902 गाडीको लिगलगापात समेत ।

| सि.नं. | ऋणी विवरण |
|---|---|
| १३. | नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**कम्पनीको नामः श्रवण लक्ष्मी कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता नंः २२७६८०/०७६/०७७, दर्ता मितिः २०७६/०७/२०, पान नंः ६०९६५४४१५ दर्ता मितिः २०७६/०७/२० |

| ऋणी तथा जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|---|
| नाम थर : लक्ष्मी कुमारी<br>ससुरा : चन्देश्वर साह सुडी<br>पति : श्रवण कुमार साह<br>ठेगानाः मनरा रिसवा - ०८, महोत्तरी<br>ना.प्र.नं. १८३०३१/९३१<br>जारी मिति. २०६३/११/३०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. महोत्तरी<br>कर्जा शीर्षक. हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : चन्द्रेश्वर साह सुडी<br>बाबु : जोगिन्द्रर साह<br>बाजे :<br>ठेगाना. मनरा रिसवा - ०८, महोत्तरी<br>ना.प्र.नं. ९६१८२७<br>जारी मिति. २०४६/०३/०६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. महोत्तरी | नाम थर : श्रवण कुमार साह<br>बाबु : जोगिन्द्रर साह<br>बाजे :<br>ठेगानाः मनरा रिसवा - ०८, महोत्तरी<br>ना.प्र.नं. ९६१८२७<br>जारी मिति. २०४६/०३/०६<br>जारी गर्ने कार्यालय : जि. प्र. का. महोत्तरी | १. सवारी साधन DIGMAX II 4x4 नं. प्र २ ०२ ००१ क ०३८०, ईन्जिन नं 4H.3307/1820117 को गाडी । |

| सि.नं. | ऋणी विवरण |
|---|---|
| १४. | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**कम्पनीको नामः ॐ सः मील तथा फर्निचर उद्योग**<br>दर्ता नंः ४३८३/०६८/०६९, दर्ता मितिः २०६८/०९/२६, पान नंः ३०५३७९८९२ दर्ता मितिः २०६८/१०/१७<br>**निर्देशकः शैलेन्द्र कुमार ठाकुर** |

| ऋणी तथा जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|---|
| नाम थर : शैलेन्द्र कुमार ठाकुर<br>बाबु : कमल ठाकुर<br>बाजे : सरजु ठाकुर<br>ठेगानाः रामबन - ०६, सर्लाही<br>ना.प्र.नं. ७६७७२३८७<br>जारी मितिः २०६९/०५/०७<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सर्लाही<br>कर्जा शीर्षकः हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : जय किशोर ठाकुर<br>बाबु : कमल ठाकुर<br>बाजे : सुरज ठाकुर<br>ठेगानाः रामबन - ०६, सर्लाही<br>ना.प्र.नं. ७६७७२१०४<br>जारी मितिः २०५२/०१/१०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सर्लाही | नाम थर : शशिकला देवी<br>बाबु : सिताराम ठाकुर<br>बाजे : सुकलाल ठाकुर<br>ठेगानाः रामबन - ०६, सर्लाही<br>ना.प्र.नं. ११३०१६/४८२<br>जारी मितिः २०६३/१०/१२<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सर्लाही | नाम थर : कमल ठाकुर<br>बाबु : सरजु ठाकुर<br>बाजे : ललित ठाकुर<br>ठेगानाः रामबन - ०६, सर्लाही<br>ना.प्र.नं. १९-१८५/१०७९<br>जारी मितिः २०४३/०४/१९<br>जारी गर्ने कार्यालय : जि. प्र. का. सर्लाही |

**धितोको विवरण**

१. सवारी साधन DOST PLUS LS नं. प्रदेश २ ०३ ००१ च ४००७, ईन्जिन नं KMH021334P को गाडी ।
२. कमल ठाकुरको नाउँमा रहेको मा.पो.का सर्लाहीमा दर्ता रहेको रामबन बडा न ०५, सर्लाही कि.नं ४४१ क्षे.फ ५९२.५२ ब.मी.को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. कमल ठाकुरको नाउँमा रहेको मा.पो.का सर्लाहीमा दर्ता रहेको रामबन बडा न ०५, सर्लाही कि.नं ४४२ क्षे.फ ५९२.५२ ब.मी.को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

विज्ञापनको बाँकी अंक पृष्ठ ३ मा



कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा निर्माणाधीन रंगशाला ।

*तस्वीर : रासस*

### उद्योग संगठन मोरङको प्रतिनिधिमण्डल सिंगापुरमा

# कोशी प्रदेशमा लगानी सम्भावनाबारे जानकारी गराइने

विराटनगर (अस) । उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुराना नेतृत्वको १४ सदस्यीय प्रतिनिधिमण्डल एशिया इकोनोमिक फोरममा भाग लिन सिंगापुर गएको छ। संगठनको 'सिआईएम डेलिगेशन मिसन टु सिंगापुर' नामक मिसनमा अध्यक्ष राकेश सुरानासहितको टोली सिंगापुर प्रस्थान गरेको हो ।

प्रतिनिधिमण्डलमा संगठनका निवर्तमान अध्यक्ष सुयश प्याकुरेल, वरिष्ठ उपाध्यक्ष नन्द किशोर राठी, उपाध्यक्षत्रय राजकुमार गोल्छा, भोलेश्वर दुलाल र बिपिन काबरा, कार्यसमिति सदस्य सुरेन्द्र गोल्छा, पारस लुनिया, जयन्द्र शर्मा, सिद्धार्थ काबरा, सिर्जन प्याकुरेल, वीरेन्द्र राठी, सन्तोषकुमार भगत र महानिर्देशक चूडामणि भट्टराई सहभागी छन् ।

एशिया प्रशान्त क्षेत्रका २७ भन्दा बढी देशका व्यापारिक समुदायहरू सहभागी हुने कन्फेडेरेशन अफ एशिया प्यासिफिक चेम्बर अफ



कमर्स एण्ड इण्डष्ट्रिज र सिंगापुर म्यानुफ्याक्चरिङ एशोसिएसनको संयुक्त आयोजनामा कात्तिक २६ र २७ मा हुने इकोनोमिक फोरम तथा ३८औं क्यासी कन्फेरेन्समा सहभागी हुन टोली सिंगापुर उडेको हो ।

कोशी प्रदेश लगानी सम्मेलन २०८१ मा लगानीकर्तालाई आमन्त्रण तथा संगठनले आयोजना गर्ने विराट एक्स्पो २०२५ र कोशी पर्यटन वर्ष २०८२ को प्रचार-प्रसार गर्ने उद्देश्यसहित टोली सिंगापुर प्रस्थान गरेको संगठनका अध्यक्ष सुरानाले बताए । सम्मेलनमा विश्वव्यापी व्यापार, एआई प्रविधि र नवप्रवर्तनको प्रभाव, दिगोपन, विश्वव्यापी रूपमा प्रभाव पार्ने महत्त्वपूर्ण विषयमा विशेषज्ञहरूको नेतृत्वमा छलफल हुनेछ । त्यसैगरी व्यापार, आपूर्ति शृंखला र अन्य व्यापारिक विषयका साथै एशिया प्रशान्त क्षेत्रका प्रमुख व्यापारिक साझेदारबीच विश्वव्यापी व्यापारको भविष्यका बारेमा अनुभवहरू साटासाट गर्ने कार्यक्रम रहेको छ ।

एशिया प्रशान्त क्षेत्रका व्यावसायिक नेतृत्वकर्ता, लगानीकर्ताको बृहत् सहभागिता रहने उक्त फोरमलाई अवसरको रूपमा प्रयोग गर्दै संगठनले कोशी प्रदेशका लगानीका सम्भावनाबारे जानकारी गराउने जनाइएको छ । साथै कोशी प्रदेश लगानी सम्मेलन २०८१ का लागि औपचारिक आमन्त्रण गरिने संगठनका अध्यक्ष राकेश सुरानाले जानकारी दिए ।

## चितवनमा ४ करोडको फूलको कारोबार

चितवन (अस) । चितवनमा यस वर्षका चाडपर्वमा सयपत्री तथा मखमली फूलको मालाले राम्रो बजार पाएको छ । यस वर्ष ४ करोड रुपैयाँ बराबरको चार लाख मालाको कारोबार भएको फ्लोरिकल्चर एशोसिएसन नेपाल चितवनले जानकारी दिएको छ ।

भारतबाट फूलको आयातमा रोक लगाइएकाले स्वदेशमा उत्पादित फूलले राम्रो बजार पाएको एशोसिएसनका अध्यक्ष तेजेन्द्र सापकोटाले बताए । 'पोहोर सबै प्रकारका किसानले फूल लगाउनुभएको थियो, अहिले व्यावसायिक किसानले मात्र फूल लगाउनुभयो, उत्पादनमा कमी आएकाले पनि फूलले बजार पायो । हामीले मूल्यमा एकरूपता ल्यायौं,' सापकोटाले भने । एशोसिएसनले सयपत्रीको मालाको प्रतिगोटा १०० रुपैयाँ र फूलको प्रतिकिलो ४५० रुपैयाँ मूल्य निर्धारण गरेको थियो । चितवनमा यस वर्ष ४० बिघा क्षेत्रफलमा फूलखेती भएको थियो ।

गतवर्षको चाडपर्वमा चितवनमा फूलको मालाले बजार नपाउँदा खेर फाल्नुपरेको थियो । भरतपुर महानगरपालिका-६ का किसान दिपक पाख्रिनले दशैंमा मात्र आफूले २० हजारओटा



भन्दा बढी माला विक्री गरेको बताए । 'दशैंमा फूल पनि राम्रो थियो, विक्री पनि राम्रो थियो, तर हुस्सु र पानीले तिहारमा असर गऱ्यो,' पाख्रिनले भने ।

तिहारमा फूलको माग उच्च हुँदा अन्य किसानसँग खरीद गरेर पनि आफूले विक्री गरेको उनले बताए । कालिका-६ का किसान गोविन्द बास्तोलाले यस वर्ष फूलको उत्पादन राम्रो नभए पनि माग र विक्री राम्रो भएको बताए । आफूले यसपटक हङकङ र बेलायतमा समेत फूल पठाएको र आगामी वर्ष अमेरिकामा समेत पठाउने योजनामा रहेको सुनाए ।

## सानिमा बैंक र दराजबीच सहकार्य

काठमाडौं (अस) । सानिमा बैंकले ग्राहकका लागि दराजसँग 'दराज एघार-एघार' योजनामा छूट दिने सहकार्य भएको छ । योजना अवधिभर दराजबाट सामान खरीद गरी ग्राहकले बैंकको डेबिट तथा क्रेडिट कार्डबाट अग्रिम भुक्तानी गर्दा छूट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकले डेबिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम रू. २ हजारसम्मको छूट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशत वा अधिकतम रू. २ हजार ५०० सम्मको छूट प्राप्त गर्न सक्नेछन् । यो योजना अवधिभर सहभागी हुने ग्राहकलाई पहिलोलाई प्राथमिकताको आधारमा छूट प्रदान गरिने बताइएको छ ।

छूटका लागि ग्राहकले दराजबाट बैंक भौचर संकलन गर्नुपर्ने बताइएको छ । यसैगरी क्रेडिट कार्ड प्रयोगकर्ताले वार्षिक १३ प्रतिशतको दरले २ वर्षसम्मका लागि मासिक किस्ताबन्दी (ईएमआई) सुविधा पनि प्राप्त गर्न सक्नेछन् । यो योजना २०८१ कात्तिक २६ देखि मङ्सिर ७ गतेसम्मका लागि लागू हुने बताइएको छ ।

**पृष्ठ २ को विज्ञापनको बाँकी अंश**

| सि.नं. | ऋणीको विवरण |
|---|---|
| १५. | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४<br>**कम्पनीको नाम: युनिभर्स सुयशी कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता नं: २३७६१४/०७६/०७७, दर्ता मिति: २०७७/०३/१५, पान नं: ६०९७५३६६६ दर्ता मिति: २०७७/०३/१७<br>**निर्देशक: लाल कृष्ण बजगाई** |

| जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| नाम थर : लाल कृष्ण बजगाई<br>बाबु : प्रेम प्रसाद बजगाई<br>बाजे : खुलाकृष्ण<br>ठेगाना: चागुनारायण ०७, कमलबिनायक भक्तपुर<br>ना.प्र.नं. १४५३७७<br>जारी मिति : २०६२/०८/१४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काभ्रेपलाञ्चोक<br>कर्जा शीर्षक: हायर पर्चेज<br>कर्जा लिएको शाखा : प्रधान कार्यालय, पानिपोखरी | नाम थर : प्रेम प्रसाद बजगाई<br>बाबु : खुलाकृष्ण<br>बाजे :<br>ठेगाना: चागुनारायण ०७, कमलबिनायक भक्तपुर<br>ना.प्र.नं. ९९३६/१३२३<br>जारी मिति: २०४५/०२/२०<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काभ्रेपलाञ्चोक | नाम थर : ददी कुमारी बजग<br>ससुरा : खुलाकृष्ण<br>पति : प्रेम प्रसाद बजगाई<br>ठेगाना: चागुनारायण ०७, कमलबिनायक भक्तपुर<br>ना.प्र.नं. १०७५०/३१७६<br>जारी मिति: २०४५/०३/२२<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काभ्रेपलाञ्चोक |

| जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| नाम थर : सम्झना बन्जारा<br>ससुरा : प्रेम प्रसाद बजगाई<br>पति : लाल कृष्ण बजगाई<br>ठेगाना: चागुनारायण ०७, कमलबिनायक भक्तपुर<br>ना.प्र.नं. ३०१०३/१६९९४५<br>जारी मिति: २०६५/०३/१८<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काभ्रेपलाञ्चोक | नाम थर : अमित बजगाई<br>बाबु : प्रेम प्रसाद बजगाई<br>बाजे : खुलाकृष्ण<br>ठेगाना: चागुनारायण ०७, कमलबिनायक भक्तपुर<br>ना.प्र.नं. ३०-१०-७३-१००६७<br>जारी मिति: २०७३/०७/२४<br>जारी गर्ने कार्यालय : जि. प्र. का. काभ्रेपलाञ्चोक | नाम थर : शसस्त शरण गोले अभिषेक<br>बाबु : अमर बहादुर गोले<br>बाजे : शंकर बहादुर गोले<br>ठेगाना: भण्डारा ०१ चितवन<br>ना.प्र.नं. ४३७६३<br>जारी मिति: २०६५/०९/०२<br>जारी गर्ने कार्यालय : जि. प्र. का. चितवन |

**धितोको विवरण**

१. सवारी साधन ASHOK LEYLAND U-2518 IL 6*4 Tipper नं. बा प्र ०३ ००१ क ११४४ ईन्जिन नं LAHZ412084 गाडीको लिगलगापात समेत ।
२. सवारी साधन ASHOK LEYLAND U-2518 IL 6*4 Tipper नं. बा प्र ०३ ००१ ख १३४३ ईन्जिन नं LAHZ412087 गाडीको लिगलगापात समेत ।

VENTURE HIRE PURCHASE
**भेन्चर हायर पर्चेज प्राईभेट लिमिटेड**
पानी पोखरी, काठमाडौं ।
फोन नं. ०१-४००२६५५, इमेल: cre@vhppl.com.np

## एनएफपिजेको अध्यक्षमा पुनः वन्त चयन



काठमाडौ । राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे)को अध्यक्षमा प्रदीपराज वन्त पुनः चयन भएका छन् । आइतवार काठमाडौंमा आयोजित समूहको २७औं साधारणसभा तथा १३औं अधिवेशनले राष्ट्रिय समाचार समिति (रासस)का फोटो पत्रकार वन्तको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समूहको वरिष्ठ उपाध्यक्षमा लेखबहादुर श्रेष्ठ, महिला उपाध्यक्षमा चन्द्रकला क्षेत्री चयन भएका छन् । प्रथम उपाध्यक्षमा आर्थिक अभियानकर्मी सुनिल शर्मा चयन भएका छन् । उपाध्यक्षमा नारायण सिलवाल, महासचिवमा घनश्याम श्रेष्ठ, सचिवमा प्रवीण कुलुङ राई र कोषाध्यक्षमा प्रदीप श्रेष्ठ चयन भएका छन् ।

केन्द्रीय सदस्यमा सुशीलकुमार श्रेष्ठ, मुकुन्द कालीकोटे, रमिता छुँजु, हरिश सिंह नगाल, दिपेन्द्र महर्जन, अनुप प्रधान र सागर बस्नेत चयन भएका छन् । वि.सं २०५३ मा स्थापना भएको सो समूह फोटो पत्रकारको पहिलो छाता संगठन हो ।

समूहले फोटो पत्रकारको व्यावसायिक हकहित, पेशागत सुरक्षा, क्षमता विकास र फोटो पत्रकारिताको विकासका लागि विविध कार्य गर्दै आइरहेको अध्यक्ष वन्तले जानकारी दिए ।

कार्यक्रममा 'हरिगोपाल प्रधान फोटो पत्रकारिता सम्मान' फोटो पत्रकार गणेश विष्ट, 'साहसिक फोटो पत्रकारिता सम्मान' सुजन बज्राचार्य, 'पर्या-पर्यटन फोटो पत्रकारिता सम्मान' प्रविण श्रेष्ठ, 'मनोरञ्जन फोटो पत्रकारिता सम्मान' लेखबहादुर श्रेष्ठ र 'खेलकुद फोटो पत्रकारिता सम्मान' सरोज नेपाललाई प्रदान गरिएको थियो ।

यसैगरी 'माधव थापा जोखिमपूर्ण फोटो पत्रकारिता पुरस्कार २०८१' सिविन नेपालकी फोटोपत्रकार रमिता छुँजु, 'संस्थागत एनएफपिजे प्रेसिडेन्ट अवार्ड २०८१' कार्यवाहक महासचिव घनश्याम श्रेष्ठ र 'उत्कृष्ट जिल्ला शाखा पुरस्कार' रामेछाप शाखालाई प्रदान गरियो ।

## जिल्लामै उत्पादित विद्युत् वितरण शुरू

लमजुङ । लमजुङमा आइतवारदेखि जिल्लामै उत्पादित विद्युत् वितरण शुरू भएको छ । नेपाल विद्युत् प्राधिकरण लमजुङ वितरण केन्द्रले मर्स्याङ्दी कोरिडोरको उदीपुरस्थित २२०/१३२/३३ केभी सबस्टेसनबाट जिल्लामा विद्युत् वितरण शुरू गरेको हो । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उदीपुर सबस्टेसनसहित जिल्लाका अन्य प्रसारण लाइनको निरीक्षणपछि उदीपुर सबस्टेशनबाट विद्युत् वितरण सम्भव रहेको जनाएसँगै आइतवारदेखि वितरण शुरू गरिएको वितरण केन्द्रका प्रमुख मेघनाथ भट्टराईले जानकारी दिए ।



यसअघि जिल्लामा दमौलीबाट आउने ३३ केभी प्रसारण लाइनबाट विद्युत् वितरण हुँदै आएको थियो । 'यहाँ उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिएर पुनः लमजुङ आउन ६० किमी दूरी पार गर्नुपर्ने थियो । उदीपुरस्थित सबस्टेसनबाट वितरण भएसँगै अब दुई किमी दूरी पार गर्नुपर्ने हुन्छ । यसले करीब ५८ किमी क्षेत्रको विद्युत्मा समस्या हुँदा लमजुङमा आपूर्ति बन्द हुने समस्या अन्त्य हुनेछ,' केन्द्रका प्रमुख भट्टराईले भने ।

दमौलीबाट वितरण हुँदा अन्य ठाउँमा भएका समस्याले जिल्लामा विद्युत् आपूर्ति बन्द हुने गरेको थियो । अहिलेसम्म दमौलीको लाइनका कारण लमजुङमा विद्युत् आपूर्तिमा अवरोध हुन्थ्यो । यहाँ उत्पादित विद्युत् जडान गरेपछि विद्युत् ट्रिपिङ (झ्याप्प झ्याप्प बिजुली जाने) समस्या धेरै हदसम्म न्यूनीकरण हुने केन्द्र प्रमुख भट्टराईले बताए । *रासस*

## धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढ द्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८१/०७/२६ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/०३/१४ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिनभित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजनाबैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधिअनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढ द्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति : २०८१ साल मसिंर महिना १३ गते विहीवार

सम्बन्धित कार्यालय: कृषि बिकास बैंक लि. शाखा कार्यालय, पाँचखाल    लिलाम हुने कार्यालय तथा स्थान: कृषि बिकास बैंक लि. शाखा कार्यालय बनेपा

**ग्राहकको विवरण**

**ग्राहकको नाम: श्री भगवति फर्निचर उद्योग**    दर्ता भएको कार्यालय: घरेलु तथा सानाउद्योग कार्यालय धुलीखेल, काभ्रे    फर्मको दर्ता नं.: १०७७३/०७७/७८

दर्ता मिति : २०७७।१०।१६    पान नं.: ६१४९७२५९९

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडानं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार | भावना थापा मगर | काभ्रे | साठीघर भगवती | ०१ | ३५६, ३५७ | ०-३-०-०, ०-५-०-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| कान्छा तामाङ | पाँचखाल ०९, काभ्रे | २६६७१ | काभ्रे, २०४४।०८।२९, जि. प्र. का. काभ्रे | हर्कमान तामाङ | जयमान तामाङ |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| भावना थापा मगर | भगवति ०१, काभ्रे | ३/९ | काभ्रे, २०४४।११।०८, जि. प्र. का. काभ्रे | पति: कान्छा तामाङ/<br>बाबु: भरत वहादुर थापा मगर | हर्क वहादुर तामाङ |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सो को लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखि वा कृषि विकास वैंकको खाता नं. ०२१२६००१२०४२७०१३ जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतःजफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याजदाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वानदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**

आवश्यकभन्दा बढी कर उठाउनु भनेको वैधानिक डकैती हो ।

**- काल्भिन कूलिज**

## सम्पादकीय

# ढिलासुस्तीको परिणति

**शुक्रवारबाट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल स्तरोन्नतिको काम थालिएसँगै यहाँबाट भइरहेको अन्तरराष्ट्रिय उडान करीब ३० प्रतिशतले कटौती भएपछि हवाइ भाडादर अचाक्ली महँगिएको छ। हवाई टिकटको मागभन्दा आपूर्ति घटेकाले भाडा बढेको वायुसेवा सञ्चालकहरूले बताएका छन्। नेपाल आउने हवाई भाडा तुलनात्मक रूपमा पहिले नै महँगो भएकामा अहिले तेब्बरसम्म भाडा बढेपछि नेपालको पर्यटनमा गम्भीर असर पर्ने देखिएको छ। सरकारले भाडा बढ्न नदिनका लागि वायुसेवा सञ्चालकहरूसँग गरेको छलफलमा एकमुष्ट रूपमा टिकट विक्रीको अधिकार ट्राभल एजेन्सीलाई दिने व्यवस्था खारेज गर्ने निर्णय गरियो । तर, एजेन्सीहरूले टिकट लिइसकेकाले यसले टिकटको आपूर्ति र मूल्यमा केही प्रभाव परेन। सरकारले केही समय अघि नै यस्तो पहल गरेको भए अहिलेको जस्तो टिकटको मूल्य अचाक्ली नबढ्न सक्थ्यो। यसमा नागरिक उड्डयन प्राधिकरणको कमजोरी देखिन्छ।**

**विमानस्थल विस्तार र सुधार कार्य नियमित जस्तै हो । बेलाबेलामा यस्तो भइरहन्छ जुन विगतमा पनि भएको थियो । सन् २०१९ मा यस्तै सुधार कार्यका लागि १० घण्टा नै विमानस्थल बन्द गरिएको थियो । तर, त्यति बेला यसरी भाडामा मनपरी भएको थिएन। प्राधिकरणको भनाइमा त्यति बेला वायुसेवा कम्पनीहरूले सहयोग गरेकाले केही समस्या आएन । यसपालि पनि १० घण्टा नै उडान बन्द गरिएको छ र भैरहवा विमानस्थल पनि विकल्प छ । त्यसो हुँदा अहिले जसरी हवाइ भाडा बढाइएको छ त्यसमा वायुसेवा कम्पनी वा एजेन्टहरूको बठ्याइँ हो भन्ने देखिन्छ । प्राधिकरणले ९ महीनाअघि नै वायु सेवा कम्पनीहरूसँग छलफल गरेको र छ महीनाअघि नै स्लट कटौती सम्बन्धमा जानकारी दिएको बताएको छ। यसरी उडान कटौती गरेपछि हवाई भाडा बढ्ने सम्भावनालाई प्राधिकरणले आकलन गर्न नसकेको देखिन्छ । मागभन्दा आपूर्ति कम भएपछि मूल्य बढ्नु स्वाभाविकै पनि हो ।**

**अहिले प्राधिकरण वा सरकार जसरी टिकटको मूल्य बढ्न नदिन लागिपरेको छ त्यो काम गर्न ढिला भएको पक्कै हो । अर्थात् प्राधिकरण नेतृत्वले सम्भावित असरबारे गृहकार्य नगरेका कारण नै अहिले समस्या बढेको हो भन्ने देखिन्छ ।**

**तर, त्यसमा वायुसेवा कम्पनीहरूले मिलोमतो गरेको हो कि भन्ने आशंका गरिएको छ ।**

**हुन त हवाई टिकटको मूल्य इन्धन, दूरी र टिकटको मागले निर्धारण गर्छ । खासमा भन्ने हो भन्ने उच्च एल्गोरिदम प्रयोग भएका सफ्टवेयरबाट नै मूल्यमा तलमाथि हुने गर्छ । नेपालको अहिलेको सन्दर्भमा यसो नभई एजेन्सीहरूले टिकट बुक गरेर राखेको र बढी मूल्य लिएको अनुमान छ। यसलाई रोक्न एकमुष्ट टिकट लिने व्यवस्था खारेज गरिएको छ र यसको प्रभाव पर्न केही समय लाग्न सक्छ। प्राधिकरणले यसरी मूल्य बढ्ने सम्भावनाबारे सचेत भएर पहिल्यै यो व्यवस्था खारेज गरेको भए शायद यसरी मूल्य बढ्ने थिएन। अहिले प्राधिकरण वा सरकार जसरी टिकटको मूल्य बढ्न नदिन लागिपरेको छ त्यो काम गर्न ढिला भएको पक्कै हो। अर्थात् प्राधिकरण नेतृत्वले सम्भावित असरबारे गृहकार्य नगरेका कारण नै अहिले समस्या बढेको हो भन्ने देखिन्छ।**

**अहिले सरकारले त्रिभुवन विमानस्थल १० घण्टा बन्दलाई भैरहवा विमानस्थलबाट उडान बढाउने अवसरका रूपमा लिएको छ। उसले एक किसिमले वायुसेवा कम्पनीहरूलाई दबाब नै दिएको देखिन्छ। त्यसैले अहिले चारओटा कम्पनीहरू भैरहवाबाट सेवा दिन तयार देखिएका छन्। यसका लागि पनि काम गर्न ढिला भएकै हो। ६ महीनाअघि वायुसेवा कम्पनीहरूसँग भएको छलफलमा भैरहवा जाँदा पाइने छूट आदि बारे स्पष्ट नीति लिएको भए पनि अहिलेको समस्या कम हुने थियो भन्ने देखिन्छ।**

**त्यसैले विमानस्थल बन्दको समयमा केही चलखेल भएको आशंका उत्पन्न भएको छ । यसलाई रोक्न अहिले प्राधिकरणले काम नगरेको पनि होइन तर यसमा ढिलाइ हुँदा पर्यटन व्यवसायमा गम्भीर असर पर्ने देखिन्छ । अघिल्लो पटक चैत महीनाबाट सुधारका काम थालिएको थियो। अहिले पनि त्यस्तै गरेको भए यो समस्या केही कम हुने थियो भन्ने देखिन्छ।**

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

# जनसंख्या वृद्धिदर १.३५ प्रतिशतमा झर्‍यो

गत १० वर्षको अवधिमा नेपालको जनसंख्या वृद्धिदर झण्डै १ प्रतिशतले घटेको छ। नेपालको राष्ट्रिय जनगणना २०६८ को नतीजा सोमवार सार्वजनिक गर्दै केन्द्रीय तथ्याङ्क विभागले नेपालको जनसंख्या वृद्धिदर १० वर्षअघिको भन्दा शून्य दशमलव ९ प्रतिशत बिन्दुले घटेको जानकारी दिएको हो । २०५८ सालमा वार्षिक २ दशमलव २५ प्रतिशत रहेको जनसंख्या वृद्धिदर १० वर्षपछि घटेर वार्षिक १ दशमलव ३५ प्रतिशतमा झरेको छ । यो वृद्धिदरले ५२ वर्षमा नेपालको जनसंख्या दोब्बर हुने विभागका महानिर्देशक उत्तमनारायण मल्लले बताए ।

जनगणना २०६८ अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेको छ। त्यसमध्ये पुरुष ४८ दशमलव ५० प्रतिशत र महिला ५१ दशमलव ५० प्रतिशत रहेका छन् । जनगणनाअनुसार १९ लाख २१ हजार ४ सय ९४ जना नेपाली विदेशमा रहेका छन् ।

यो संख्या कुल जनसंख्यामा समावेश गरिएको छैन । २०५८ सालमा नेपालको जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४ सय थियो । हाल प्रतिसय महिलामा ९४ दशमलव १६ पुरुष छन् । १० वर्षअघि यो अनुपात ९९ दशमलव ८० थियो ।

२०६८ सालको जनगणनाले विगत १० वर्षको अवधिमा परिवार संख्या २२ प्रतिशतले बढेर ५४ लाख २७ हजार पुगेको देखाएको छ ।

**वर्ष ८, अंक ७०, बुधवार १२ मङ्सिर, २०६९**

# मौद्रिक नीतिको प्रथम समीक्षाले समेट्नु पर्ने पक्षहरू

## आन्तरिक अर्थतन्त्रलाई कसरी चलायमान बनाउने ?



**ऋणको ब्याजदरमा बारम्बारको परिवर्तन नगरी उचित स्थायित्वका लागि बैंकिङ प्रणालीको निःस्वार्थ स्वस्थ मूल्यांकन गर्नुपर्छ जसबाट बैंकिङ क्षेत्रको कार्यक्षमता, कार्यसम्पादन स्तर र नाफादायकताको यकीन मूल्यांकन हुन सकोस् ।**

**- डा. दिवाकर वशिष्ठ**

बैंकिङ प्रणालीसँग सम्बद्ध समस्याहरू हल गर्न केन्द्रीय बैंकले बनाउने नीति नै मौद्रिक नीति हो । मूल्य स्तर, ब्याजदर, मुद्राको उपलब्धतालाई यसले प्रभाव पार्छ । नेपालमा आर्थिक वर्ष २०५९/६० देखि मौद्रिक नीति प्रकाशित हुँदै आएको छ । यसको उद्देश्य मूल्य स्थिरता, शोधनान्तर स्थितिको नियन्त्रण, वित्तीय प्रणालीको स्थायित्व, वित्तीय पहुँच विस्तार, वित्तीय समावेशीकरणलगायत छन् । यसको प्रत्यक्ष उपकरणमा ब्याजदर, विदेशी विनिमयदर, निर्देशित कर्जा, मार्जिनदर, अप्रत्यक्ष उपकरणमा अनिवार्य नगद मौज्दात, वैधानिक तरलता, खुला बजार सञ्चालन, पुनर्कर्जा आदि पर्छन् । अहिले व्यावसायिक कारोबारमा शिथिलता छ र बढ्दो तरलता हुँदाहुँदै निरन्तर ब्याजदर घटेर न्यून बिन्दुमा आउँदा पनि व्यावसायिक क्षेत्रबाट कर्जाको माग नहुँदा अझै पनि आन्तरिक अर्थतन्त्र चलायमान हुन सकेको छैन । आर्थिक विकास, आर्थिक स्थायित्व, रोजगारी सृजना, गरीबी निवारणमा मद्दत पुऱ्याउने गरी केन्द्रीय बैंकले आगामी मौद्रिक नीतिको समीक्षा गर्नुपर्ने देखिन्छ ।

हाल करीब नेपालभर झन्डै १४ हजार बचत तथा ऋण सहकारीसमेत जम्मा ३० हजार ८७९ सहकारी संस्था क्रियाशील रहेको पाइन्छ । यिनले समग्रमा करीब ७३ दशमलव ३७ लाख सदस्यको शेयरपूँजी र बचत गरी करीब रू. ५७२ अर्बको आर्थिक स्रोत संकलन गरी रू.४२६ अर्ब ऋण परिचालन गरेको देखिन्छ । यस आधारमा यो क्षेत्रलाई थप सबल, विश्वसनीय र दिगो बनाउन सम्बद्ध निकाय चुकेको कारण आज सर्वसाधारण बचतकर्ताको अर्बौं रुपैयाँ फसेको छ । पछिल्लो दशकमा वित्तीय समावेशिता, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय साक्षरता, डिजिटलाइजेशन र वित्तीय ग्राहक संरक्षणसम्बन्धी विषयहरू मौद्रिक नीतिको केन्द्रीय विषयवस्तु बनेको भए तापनि सहकारीमा डुबेको रकम फिर्ता भुक्तानीको व्यवस्था र यसलाई कडा नियमनमा लैजानेतर्फ सम्बद्ध निकायले यथेष्ट सफलता प्राप्त गर्न सकेको छैन । साथै, यसको आगामी नियमन पनि नेपाल राष्ट्र बैंकबाट नै हुने व्यवस्थासमेत मौद्रिक नीतिले गरेमा जनसाधारणको सहकारीमा डुबेको रकम फिर्ता हुने विश्वास अधिकांशको रहेको देखिन्छ ।

मौद्रिक नीति देशको मौद्रिक प्रणालीसँग सम्बद्ध हुन्छ । केन्द्रीय बैंकले साधारण आर्थिक नीतिको उद्देश्य प्राप्त गर्ने मुद्राको आपूर्तिलाई प्रभाव पार्न लिने नीतिगत उपायहरू नै मौद्रिक नीति हो । समग्र माग तथा समग्र आपूर्ति तथा त्यसबाट मौद्रिक आयको नियमन गरी उच्चतम उत्पादनको स्तर तथा रोजगारी, मूल्य स्थिरता, तथा आर्थिक वृद्धिजस्ता उद्देश्यहरू प्राप्त गर्न मौद्रिक नीतिको आवश्यकता पर्छ । मौद्रिक नीतिले ऋणको आपूर्ति तथा ब्याजदरमार्फत आर्थिक गतिविधिमा प्रभाव पार्ने उद्देश्य राख्छ । विकास योजनाको सफल तथा बृहत् कार्यक्रमका लागि सबल मौद्रिक नीति पूर्वशर्त हो । समग्र मागमा वृद्धि ल्याउन निर्धारण गरिएको मौद्रिक नीति नै विस्तारकारी मौद्रिक नीति हो । आर्थिक मन्दीमा कमी ल्याउन यसको प्रयोग गरिन्छ ।

यसले उपभोक्तालाई वस्तु तथा सेवाको उपयुक्त मूल्यमा सहज आपूर्ति र व्यावसायिक मागमा आएको कमीमा सुधार ल्याउने गर्छ । यसले बजारको अवस्थामा सहजता ल्याई समग्र मागलाई बढाउने हुँदा आगामी समीक्षामा विद्यमान मौद्रिक नीतिलाई थप खुकुलो बनाउनुपर्ने देखिन्छ । यसले बैंक कर्जाको मागमा वृद्धि भई आन्तरिक अर्थतन्त्र चलायमान हुन मद्दत पुग्नेछ । आगामी मौद्रिक नीतिले मर्जरलाई समेत थप व्यवस्थित बनाई यो अभियानलाई निरन्तरता दिनुपर्छ जसले गर्दा लागत घटाउन र पूँजी निर्माण गर्न, बैंकहरूको कार्यशैली सुधार गर्न सरकारमाथिको बढ्दो निर्भरतालाई घटाउनसमेत मद्दत गर्दछ । अन्तरराष्ट्रिय बैंकिङ अभ्यासलाई हेर्दा संसारको सबैभन्दा राम्रो वित्तीय स्थायित्व, वित्तीय साक्षरता, वित्तीय पहुँच र डिजिटल बैंकिङका हिसाबले नर्वे सबैभन्दा अगाडि देखिन्छ । तसर्थ उपर्युक्त कुराहरूको सकारात्मक पक्षलाई सिको गर्दै आगामी मौद्रिक नीतिको समीक्षाले जोड दिनुपर्छ ।

**हरेक बैंक परिसरभित्र कर्मचारीले फुर्सदमा अध्ययन गर्न मिल्ने गरी बैंकिङ एवं आर्थिक किताब, स्मारिका र पत्रपत्रिकासहितको पुस्तकालयको व्यवस्था गर्ने, कर्मचारीलाई तनाव व्यवस्थापन गर्न हरेक ३ महीनामा एकपटक प्रत्येक कर्मचारी सहभागी हुने गरी कक्षासमेत सञ्चालन गर्ने व्यवस्था मौद्रिक नीतिको समीक्षाले गर्नुपर्ने देखिन्छ ।**

नर्वेको बैंकिङ प्रणालीका राम्रा कुराहरू जस्तै आर्थिक मन्दी तथा प्रतिकूल समयमा पनि ऋण दिन सक्ने बनाउन बैंकिङ क्षेत्रको पूँजीकोषलाई बलियो बनाउनुपर्छ। ऋणको ब्याजदरमा बारम्बार परिवर्तन नगरी उचित स्थायित्वको लागि बैंकिङ प्रणालीको निःस्वार्थ स्वस्थ मूल्यांकन गर्नुपर्छ जसबाट बैंकिङ क्षेत्रको कार्य क्षमता र कार्यसम्पादन स्तर र नाफादायकताको यकीन मूल्याकन हुन सकोस् । यस्ता पक्षमा मौद्रिक नीतिले जोड दिँदा बैंकिङ क्षेत्रले सकारात्मक प्रतिफल पाउन सक्ने देखिन्छ ।

२०८१ कात्तिक १३ सम्म आइपुग्दा बैंकिङ क्षेत्रको कुल निक्षेप ६६ खर्ब २१ अर्ब रहेको र कर्जा लगानी रू. ५२ खर्ब ८२ अर्ब रहेको छ। आगामी मौद्रिक नीतिले निक्षेपलाई बढावा दिने, यसको उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने, निक्षेपकर्ताको हितका लागि निक्षेपको ब्याजदरलाई न्यूनतम ३ प्रतिशतभन्दा कम हुन नदिने र कर्जा लगानीलाई प्रोत्साहन गर्दै कर्जाको ब्याजदर औसतमा ८ प्रतिशतमा रहने गरी समीक्षाले थप व्यवस्था गर्दै कार्यान्वयन गर्न सकेमा आगामी दिनमा कर्जा प्रवाहमा थप सुधार भई आन्तरिक अर्थतन्त्र चलायमान हुने र पूँजी पलायनमा समेत सुधार आउन सक्ने देखिन्छ ।

कर्जा प्रवाह हुन नसकी बढ्दो तरलताको मारमा परेका बैंकहरूको ब्याजदर लगातार ओरालो लागेको छ । रू. ७ खर्बभन्दा बढी रकम लगानीयोग्य छ । नेपाल राष्ट्र बैंकले कर्जा निक्षेप अनुपात ९० प्रतिशत कायम गरेको भए तापनि हाल ७८ दशमलव १२ प्रतिशत छ । बैंकहरूले कुल निक्षेपको २० प्रतिशत तरल सम्पत्ति राख्नु पर्ने हुन्छ। ब्याजकोरिडोरका कारण ३ प्रतिशतभन्दा तल ब्याज नझर्ने भनिए तापनि हालकै स्थिति यथावत् रहेमा पूँजी पलायनको सम्भावना तीव्र भएको हुँदा आगामी मौद्रिक नीतिले ब्याजदरलाई स्थायित्वतिर लैजाने व्यवस्था गर्न जरुरी देखिन्छ ।

बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर व्यवसाय गर्नेहरूलाई कसरी ऋण तिर्ने भन्ने कुराले सताएको छ भने बैंकमा कार्यरत कर्मचारीलाई कसरी असुली गर्ने भन्ने कुराले सताइरहेको अवस्था छ। यस्तोमा आगामी मौद्रिक नीतिले ऋणीलाई ऋण तिर्न सहज हुने वातावरण बनाउँदै कर्मचारी उत्प्रेरणालाई ध्यान दिँदै उनीहरू ऋण असुली नभएकै कारण डिप्रेशनमा नजाऊन् भन्ने कुरामा जोड दिने गरी मौद्रिक नीतिको समीक्षा हुनुपर्ने देखिन्छ। पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूले डिजिटल भुक्तानीलाई जोड दिइरहेका छन् तर प्रयोगकर्ताले महँगो शुल्क तिर्नु परेको गुनासो पनि त्यतिकै छ। हाल मोबाइल बैंकिङ प्रयोगकर्ता करीब २ करोड ५० लाखभन्दा बढी छन् भने वालेट प्रयोगकर्ता पनि सोही हाराहारीमा देखिएका छन् । यस्तो अवस्थामा आगामी मौद्रिक नीतिले यसलाई थप सहजीकरण गरी डिजिटलाइजेसनलाई थप उत्प्रेरित गर्नुपर्छ ।

अहिलेको समस्या भनेको आन्तरिक अर्थतन्त्र चलायमान बनाउने, मुद्रास्फीतिलाई बढ्न नदिने, भाखा नाघेको कर्जा अशुली गर्ने, कालोसूचीमा पर्नेहरूको संख्यामा नियन्त्रण गर्ने, महँगी नियन्त्रण गर्ने, कर्जा लगानी बढाउने, उपभोगमा भन्दा उत्पादनमा कर्जा प्रवाह बढाउने, विपन्न वर्ग कर्जालाई थप प्रोत्साहित गर्ने, बैंक तथा वित्तीय क्षेत्रको अनुगमनलाई बढाउने र बेरुजुको समाधान गर्ने, आन्तरिक तथा बाह्य लेखापरीक्षणले औंल्याएका त्रुटिहरूलाई सुधार गर्नेतर्फ ध्यान दिनुपर्छ । व्यवसायमैत्री वातावरण निर्माण गर्ने, बढ्दो सार्वजनिक ऋणमा नियन्त्रण गर्ने, व्यवसायीसँग हरेक ३ महीनामा अन्तरक्रिया गर्ने, असल ऋणीहरूलाई ग्रीन कार्डको व्यवस्था गर्ने, सार्वजनिक ऋणको सदुपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने, बैंकिङ सम्पत्ति, स्रोतसाधनको उच्चतम परिचालन गर्ने, निक्षेप बीमा रकममा वृद्धि गर्नेजस्ता कार्यमा ध्यान दिनुपर्छ ।

बैंकिङ कसुरलाई नियन्त्रण गर्ने, बढ्दो वैदेशिक मुद्रा सञ्चितिको भरपुर उपयोग गर्ने, विप्रेषणलाई प्रोत्साहित गर्दै यसको प्रयोग उत्पादनमूलक क्षेत्रमा लगाउने युवा पलायनलाई रोक्न स्वदेशमा रोजगारीको अवसर दिने, निर्यात बढाउने र पर्यटनको प्रवर्द्धनको साथै जलस्रोतको विकासमा जोड दिनेलगायतको कार्यमा मौद्रिक नीतिको प्रथम समीक्षाले ध्यान दिनुपर्छ । साथै एक केन्द्रीय स्तरमा बैंकिङ प्रशिक्षण केन्द्रको स्थापना गर्ने, हरेक बैंक परिसरभित्र कर्मचारीले फुर्सदमा अध्ययन गर्न मिल्ने गर बैंकिङ एवं आर्थिक किताब, स्मारिका र पत्रपत्रिकासहितको पुस्तकालयको व्यवस्था गर्ने, कर्मचारीलाई तनाव व्यवस्थापन गर्न हरेक ३ महीनामा एकपटक प्रत्येक कर्मचारी सहभाग हुने गरी कक्षासमेत सञ्चालन गर्ने व्यवस्था मौद्रिक नीतिको समीक्षाले गर्नुपर्ने देखिन्छ ।

नेपालमा व्यवसायप्रति बढ्दो उदासीनता र उपयुक्त वातावरण एवं मार्गदर्शनको कमीले युवाहरू विदेशिने क्रम बढेको हुँदा आन्तरिक माग पनि खस्केको छ । तसर्थ देशको अर्थतन्त्रको आकारलाई समेत बढाउन नवउद्यमीको विकास गर्नका लागि बैंकिङ क्षेत्रले सहज कर्जा दिने वातावरणमा आगामी मौद्रिक नीतिको समीक्षा लक्षित हुनुपर्छ । बैंकिङ कसुर गर्ने क्रम बढिरहेको छ । तसर्थ आगामी मौद्रिक नीतिको समीक्षाले यसप्रति थप कडाइ गर्नुपर्छ । बैंकिङ क्षेत्रप्रतिको अविश्वासलाई चिर्नका लागि काम गर्नुपर्छ। बैंक धराशयी भए, टाट पल्टिए, डुब्दै छन् भन्ने खालका समाचारहरूले जनमानसमा भ्रम पैदा हुने हुँदा भ्रमपूर्ण समाचारलाई निरुत्साहित गर्दै बैंकहरूको बारेमा अनावश्यक अफवाह फैलाउनेप्रति कानूनी कारबाही गर्दै सार्वजनिक विश्वासलाई अझ सुदृढ गर्नेतर्फ मौद्रिक नीतिको समीक्षा लक्षित हुनुपर्छ ।

*डा. वशिष्ठ बैंक तथा वित्तीय क्षेत्रका विज्ञ हुन् ।*

# डिजिटल रणनीतिको सान्दर्भिकता र स्थानीय तहमा प्रयोग



**डिजिटल रणनीतिले स्थानीय सरकारहरूलाई प्रविधिको प्रयोग गरेर ऊर्जा खपत घटाउने, फोहोर व्यवस्थापनमा सुधार गर्ने र दिगो शहरी योजना निर्माण गर्ने काममा सहयोग पुऱ्याउँछ ।**

**- विवेक आचार्य**

डिजिटल भनेको विद्युतीय र कम्प्युटर प्रणालीहरू प्रयोग गरेर जानकारीलाई प्रशोधन, भण्डारण, र सञ्चार गर्ने प्रक्रिया हो । डिजिटल प्रविधिहरूमा कम्प्युटर, स्मार्टफोन, इन्टरनेट, सफ्टवेयर, सामाजिक मिडिया प्लेटफर्महरू, डिजिटल क्यामेरा र क्लाउड स्टोरेजजस्ता उपकरण समावेश छन् । परम्परागत विधिहरूमा कागजमा आधारित लेनदेन, प्रत्यक्ष सञ्चार र म्यानुअल वा एनालग उपकरणहरूको प्रयोग समावेश हुन्छ । यसमा डेटा तुरुन्तै प्रशोधन, भण्डारण र सञ्चार गर्न सकिन्छ । डिजिटल प्रक्रियामा छिटो सञ्चार, निर्णय लिने र स्वचालनमार्फत व्यवसायहरूलाई अधिक दक्षताका साथ सञ्चालन गर्न सकिन्छ ।

डिजिटल रणनीति भनेको कुनै संगठन, व्यवसाय वा सरकारले डिजिटल प्रविधि र उपकरणहरू प्रयोग गरेर निश्चित लक्ष्य प्राप्त गर्न तयार गर्ने योजना हो। यसले इन्टरनेट, डेटा विश्लेषण, मोबाइल एप्स, क्लाउड कम्प्युटिङ, सामाजिक मिडिया, र डिजिटल सञ्चार प्लेटफर्महरूलाई प्रयोग गरेर सञ्चालन कार्यहरू सुधार गर्ने, ग्राहकसँग अन्तरक्रिया गर्ने र नयाँ व्यावसायिक अवसरहरू सृजना गर्ने उद्देश्य राख्छ।

स्थानीय आर्थिक विकासको सन्दर्भमा डिजिटल रणनीतिको ध्यान केन्द्रित गर्नुपर्ने क्षेत्रहरू डिजिटल पूर्वाधारको सुधार गर्न उच्च गतिको इन्टरनेट जडान, ५जी नेटवर्क र सार्वजनिक वाइफाइ जडानको विस्तारलाई तीव्रता दिनुपर्छ । त्यस्तै डिजिटल साक्षरता र शीप विकासका लागि श्रमशक्तिलाई डिजिटल प्लेटफर्मसँग अन्तरक्रिया गर्न आवश्यक शीप प्रदान गर्नुपर्छ । डिजिटल नवप्रवर्तन र उद्यमशीलताको प्रवर्द्धन तथा स्थानीय व्यवसाय र स्टार्टअपहरूलाई डिजिटल उपकरणहरू प्रयोग गरेर नवीन विचारहरू ल्याउन तथा व्यापार वृद्धि गर्न प्रेरित गर्नुपर्छ। ई-गभर्नेन्सलाई प्रोत्साहन गरी सार्वजनिक सेवाहरूमा डिजिटल पहुँच उपलब्ध गराएर पारदर्शिता र दक्षता बढाउनुपर्छ।

स्मार्ट पालिका र डिजिटल सार्वजनिक सेवामार्फत डिजिटल प्रविधिको प्रयोग गरेर यातायात, फोहोर व्यवस्थापन र सार्वजनिक सुरक्षाजस्ता सेवाहरूमा सुधार गर्नुपर्छ । डेटामा आधारित भई स्रोतको प्रभावकारी प्रयोग र सही निर्णय गर्ने गर्नुपर्छ । दिगोपन प्रवर्द्धन गर्दै हरित प्रविधिहरूको उपयोग गर्नुपर्छ जसमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन गरी वातावरणीय असर कम गरिन्छ ।

स्थानीय आर्थिक विकास योजनाहरूले पूर्वाधार विकास, रोजगारी सृजना र व्यवसाय वृद्धिमार्फत कुनै समुदाय वा क्षेत्रको आर्थिक अवस्थामा सुधार ल्याउन सक्छ। यी योजनामा डिजिटल रणनीतिलाई एकीकृत गर्दा आर्थिक वृद्धिमा अझ तीव्रता ल्याउन सकिन्छ।

नेपालमा स्थानीय तहका लागि डिजिटल रणनीति निर्माण गर्दा, स्थानीय आवश्यकता, क्षमता र राष्ट्रिय डिजिटल लक्ष्यहरूसँग मिलाएर काम गर्न आवश्यक हुन्छ। यसका लागि संरचित प्रक्रियाहरू अनुसरण गर्नुपर्छ, जसले स्थानीय सरकारहरूलाई प्रभावकारी र दिगो डिजिटल प्रणाली स्थापना गर्न सहयोग गर्छ। राष्ट्रिय योजना आयोजनाद्वारा स्वीकृत गरिएको 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' को मार्गनिर्देशन अनुसार प्रभावकारी, पारदर्शी र समावेशी विकास योजना निर्माण गर्न मद्दत गर्छ।

### डिजिटल रणनीतिको सान्दर्भिकता

स्थानीय सरकारका लागि डिजिटल रणनीतिको महत्त्व भनेको सुशासनमा सुधार, सेवामा दक्षता र आर्थिक तथा सामाजिक विकासलाई प्रोत्साहन गर्नु हो । डिजिटल प्रविधिको तीव्र विकाससँगै स्थानीय सरकारले प्रविधिलाई आत्मसात् गरी नागरिकको आवश्यकता पूरा गर्न, सेवा सञ्चालनलाई सुधार्न र प्रतिस्पर्धी बन्न आवश्यक छ ।

स्थानीय सरकारका लागि डिजिटल रणनीतिले निकै सहयोग मिल्छ। डिजिटल रणनीतिले स्थानीय सरकारहरूलाई अनलाइन प्लेटफर्महरूमार्फत सार्वजनिक सेवाहरू छिटो र प्रभावकारी बनाउन सहयोग गर्छ। कागजी प्रक्रिया घटाएर कर भुक्तानी, व्यापार दर्ता, अनुमति र लाइसेन्सजस्ता सेवाहरू अनलाइन माध्यमबाट उपलब्ध गराइन्छ। डिजिटल सेवाहरूले नागरिकहरूलाई कुनै पनि समय, जहाँसुकैबाट सरकारी सेवाहरू प्राप्त गर्न सहज हुन्छ। डिजिटल प्लेटफर्महरूको प्रयोग गरेर स्थानीय सरकारहरूले पारदर्शिता र उत्तरदायित्वलाई बढाउन सक्छन् । नागरिकहरूले सरकारी परियोजनाहरू, सार्वजनिक खर्च र निर्णय प्रक्रिया अनलाइन ट्र्याक गर्न सक्छन् जसले सरकारप्रति विश्वास बढ्छ ।

डिजिटल रणनीतिमा प्रायः खुला डेटा पहलहरू समावेश हुन्छन्, जसले नागरिकहरूलाई सरकारी डेटामा पहुँच दिँदै नागरिक सहभागिता र अनुगमनलाई प्रोत्साहन गर्छ । यसरी डिजिटल रणनीतिले प्रशासनिक प्रक्रियाहरूलाई स्वचालित बनाउन सहयोग पुऱ्याउँछ र सरकारको खर्च बचत गर्छ । डिजिटल समाधानहरूले स्मार्ट सिटीको माध्यमबाट ऊर्जा, पानी र फोहोर व्यवस्थापनजस्ता स्रोतहरूको कुशल व्यवस्थापन गर्न मद्दत गर्छ । स्थानीय सरकारहरूले वेबसाइट, मोबाइल एप्स र सामाजिक सञ्जालजस्ता प्लेटफर्महरूको प्रयोग गरेर नागरिकहरूसँग प्रभावकारी रूपमा संवाद गर्न सक्छन् । यसले जनताको प्रतिक्रिया सङ्कलन गर्न, जानकारी फैलाउन, र सर्वेक्षण गर्न मद्दत गर्छ, जसले नागरिकहरूलाई निर्णय प्रक्रियामा सहभागी बनाउँछ ।

डिजिटल उपकरणहरूले नागरिकलाई स्थानीय मुद्दाहरूमा आफ्नो मत दिने, परियोजनाहरूमा सुझाव दिने र स्थानीय परियोजनाहरूमा सहभागी हुन सहयोग पुऱ्याउँछ । डिजिटल प्लेटफर्महरूमार्फत स्थानीय व्यवसाय, साना उद्यमीहरूलाई मार्केटिङ, ई-वाणिज्य र नेटवर्किङको अवसर प्रदान गर्छ। यसले स्थानीय क्षेत्रको आर्थिक सम्भावना देखाएर नयाँ लगानी आकर्षित गर्न मद्दत गर्छ। डिजिटल साक्षरता र शीप विकासलाई प्रवर्द्धन गरी स्थानीय सरकारहरूले डिजिटल अर्थतन्त्रमा रोजगार अवसरहरू सृजना गर्न सक्छन्। डिजिटल रणनीतिले स्थानीय सरकारलाई जनसांख्यिकी, आर्थिक गतिविधि, पूर्वाधार आवश्यकताहरू र सार्वजनिक सेवाको प्रदर्शनजस्ता विषयमा डाटा सङ्कलन र विश्लेषण गर्न सक्षम बनाउँछ । यसले निर्णयहरूलाई थप प्रभावकारी र सटीक बनाउँछ ।

स्थानीय सरकारले पूर्वानुमान विश्लेषणको प्रयोग गरेर प्रवृत्तिहरूको पूर्वानुमान गर्न सक्छ र पूर्वाधार विकास वा सार्वजनिक स्वास्थ्य मुद्दाहरूको समाधानको लागि पूर्वानुमानयुक्त निर्णय लिन सक्छ । प्रविधिको समावेशसँगै, स्थानीय सरकारले संवेदनशील डाटा (नागरिक जानकारी, वित्तीय रेकर्ड) सुरक्षित गर्न साइबर सुरक्षाका कडा उपायहरू लागू गर्नुपर्छ । राम्रो संरचित डिजिटल रणनीतिले साइबर जोखिमबाट जोगाउने पर्याप्त उपायहरू सुनिश्चित गर्छ ।

डिजिटल उपकरणहरू र प्लेटफर्महरूले स्थानीय सरकारलाई प्राकृतिक प्रकोप वा आपत्कालीन अवस्थाहरूमा वास्तविक समय जानकारी, पूर्वचेतावनी प्रणाली र संकट व्यवस्थापन उपकरणहरू प्रदान गरेर प्रतिक्रियात्मक क्षमता सुधार गर्छ । स्थानीय सरकारले स्मार्ट यातायात, ऊर्जा-कुशल भवनहरू र फोहोर व्यवस्थापन प्रणालीहरू अपनाउन सक्छ । इन्टरनेट अफ थिङ्सको प्रयोगले स्थानीय सरकारलाई सार्वजनिक पूर्वाधार (जस्तै, सडक बत्ती, पानी प्रणाली) वास्तविक समयमा अनुगमन गर्न सहयोग गर्छ, जसले समस्या समाधान गर्न र स्रोत व्यवस्थापन सुधार गर्न मद्दत पुऱ्याउँछ । स्थानीय सरकारले ग्रामीण वा कम सेवा प्राप्त क्षेत्रहरूमा डिजिटल सेवाहरूको पहुँच सुनिश्चित गरेर समावेशीकरण सुनिश्चित गर्नुपर्छ। डिजिटल रणनीतिले डिजिटल विभाजनलाई हटाउन सहयोग पुऱ्याउँछ र समावेशी विकासलाई प्रोत्साहन गर्छ ।

डिजिटल तालीम र स्रोतहरू प्रदान गरेर स्थानीय सरकारले उपेक्षामा परेका समुदायलाई सशक्त बनाउन सक्छ, जसले उनीहरूको आर्थिक सहभागिता र सशक्तीकरण बढाउँछ । डिजिटल रणनीतिले स्थानीय सरकारहरूलाई प्रविधिको प्रयोग गरेर ऊर्जा खपत घटाउने, फोहोर व्यवस्थापनमा सुधार गर्ने र दिगो शहरी योजना निर्माण गर्ने काममा सहयोग पुऱ्याउँछ। प्रविधिको प्रयोगले वातावरणीय परिवर्तनहरूको निगरानी गरी बाढी चेतावनी प्रणाली विकास गर्न सकिन्छ।

स्थानीय सरकारहरूमा डिजिटल रणनीतिको महत्त्व, सुशासनको आधुनिकीकरण, सेवा वितरणमा सुधार र आर्थिक तथा सामाजिक विकासलाई प्रोत्साहन गर्न केन्द्रित हुन्छ । डिजिटल उपकरण र प्रविधिलाई आत्मसात् गरेर स्थानीय सरकारहरू अधिक दक्ष, पारदर्शी, र नागरिकहरूको आवश्यकताहरू पूरा गर्न सक्षम बन्न सक्छन् । साथै, दिगो विकास, समावेशी वृद्धि र नवप्रवर्तनलाई प्रवर्द्धन गरी स्थानीय सरकारहरूलाई प्रतिस्पर्धी र नवीन बनाउँछ र भविष्यका चुनौतीहरू सामना गर्न तयार गर्छ ।

*लेखक पूर्वबैंकर हुन् ।*

# बिटक्वाइनको मूल्य पहिलोपटक ८० हजार डलर

लन्डन । व्यापारीहरूले डोनाल्ड ट्रम्पको ह्वाइट हाउसमा पुनरागमन क्रिप्टोकरेन्सीका लागि राम्रो हुने अनुमान गरेसँगै बिटक्वाइनको मूल्य आइतवार कीर्तिमानी बिन्दुमा पुगेको छ ।

यो डिजिटल मुद्राको मूल्यले यसको इतिहासमा पहिलोपटक आइतवार दिउँसो १२:०० बजे (१२०० जीएमटी) पछि ८० हजार डलर नाघेको हो ।

रिपब्लिकन उम्मेदवार ट्रम्पले डिजिटल मुद्राहरूमा नियमहरू सजिलो बनाउने अपेक्षाका कारण उनले चुनाव जितेपछि यसको मूल्य बढ्दै गएको छ । बिटक्वाइनको मूल्यले बुधवार ७५ हजार डलरमा पुगेर मार्चमा हासिल गरेको ७३ हजार ७९७ दशमलव ९८ डलरको पूर्वकीर्तिमान तोडेको थियो ।

डेमोक्रेट उम्मेदवार कमला ह्यारिससँगको प्रतिस्पर्धामा ट्रम्पलाई क्रिप्टो-समर्थक उम्मेदवारका रूपमा हेरिएको थियो । आफ्नो पहिलो राष्ट्रपति कार्यकालमा ट्रम्पले क्रिप्टोकरेन्सीलाई घोटाला भनेका थिए । तर, पछि अडान परिवर्तन गर्दै यसका युनिटका लागि उनले आफ्नै डिजिटल मुद्रा प्लेटफर्म शुरू गरे ।

उनले संयुक्त राज्य अमेरिकालाई 'विश्वको बिटक्वाइन र क्रिप्टोकरेन्सीको राजधानी' बनाउने र टेक अर्बपति तथा दक्षिणपन्थी षड्यन्त्र सिद्धान्तवादी एलन मस्कलाई सरकारी खर्चको विस्तृत लेखापरीक्षणको जिम्मेवारी दिने वाचा गरेका छन् ।

ट्रम्पको अघिल्लो कार्यकालमा कर्पोरेट कर कटौतीले बजारमा तरलता बढाउँदा क्रिप्टोकरेन्सी जस्ता उच्च-वृद्धि सम्पत्तिमा लगानी प्रोत्साहित भएको थियो ।

ट्रम्पले सेप्टेम्बरमा आफ्ना छोराहरू र उद्यमीहरूसँग मिलेर वर्ल्ड लिबर्टी फाइनान्सियल नामक डिजिटल मुद्रा प्लेटफर्म शुरू गर्ने घोषणा गरेका थिए ।

तर, यस महीनाको शुरूमा भएको बिक्री थालनी कमजोर रहेको थियो । बजारमा आएका टोकनहरूको एक अंशले मात्र खरीदकर्ता पाएका थिए ।

क्रिप्टोकरेन्सीहरू तिनको चरम अस्थिरतादेखि लिएर केही उद्योग दिग्गजको पतनसम्म आफ्नो सिर्जनादेखि नै समाचार बनिरहेका छन् । यीमध्ये एफटिएक्स एक्सचेन्ज प्लेटफर्म सबैभन्दा प्रमुख थियो ।

चुनावका क्रममा न्युयोर्क सिटीको एक रेस्टुरेन्टमा बर्गरको भुक्तानी बिटक्वाइनले गरेर यस मामिलामा ट्रम्प पहिलो पूर्वराष्ट्रपति बनेका थिए । यसलाई 'ऐतिहासिक कारोबार'का रूपमा सम्मान गरिएको थियो । *एजेन्सी*

**बाँकी पृष्ठ १ बाट ...**

**आईपीओको बाटो ...**

१८ योग्य संस्थागत लगानीकर्ताले प्रतिशेयर ९१२ रुपैयाँका दरले ७ लाख ७० हजार ६४० कित्ता किनेका छन् । संस्थागत लगानीकर्ताले उक्त रकम अहिले व्यवसाय विस्तार प्रयोजनमा उपयोग गर्न नसकेको उल्लेख गर्दै कम्पनीले केही योग्य संस्थागत लगानीकर्ताले आफ्नो लगानीको ब्याजसहित रकम फिर्ता मागेको बताएको छ । 'यसरी अकल्पनीय रूपमा भएको विलम्बबाट यस कम्पनीको प्रतिष्ठा र साखःमा निकै ठूलो क्षति पुगेको छ,' कम्पनीले पत्रमा लेखेको छ, 'साथै समग्र पूँजीबजारको विश्वसनीयतामाथि यस प्रकरणले गम्भीर प्रश्न सृजना गरेको छ ।'

कम्पनीले वित्तीय विवरणमा उल्लिखित कम्पनीको नेटवर्थ, प्रतिशेयर आम्दानी तथा सम्भावित दायित्वका विवरण यथार्थ भएको र पूर्णरूपमा खुलासा गरिएको दाबी गरेको छ । कम्पनीले अर्थ समितिलाई लेखेको चिठीमा यो ढिलाइले संस्थागत लगानीकर्ता मारमा परेको उल्लेख गर्दै शेयर निष्कासन प्रक्रिया अविलम्ब खोल्नका लागि धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्न आग्रह गरिएको छ ।

कम्पनीले सर्वसाधारण लगानीकर्तामा योग्य संस्थागत लगानीकर्तामा विक्री भएको मूल्यभन्दा १० प्रतिशत कम अर्थात् प्रतिकित्ता ८२० रुपैयाँ ८० पैसाका दरले शेयर विक्री गर्ने तयारी गरेको थियो । कम्पनीले सर्वसाधारणमा विक्री गर्ने कुल कित्ता शेयरमध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि असार २७ गतेदेखि १ लाख १५ हजार ५९६ कित्ता विक्री गर्न लागेको थियो । योग्य संस्थागत लगानीकर्ताले बढी मूल्य कबोल गरेको र कम्पनीको वित्तीय अवस्था हेर्दा सर्वसाधारणलाई मूल्य चर्को पर्ने भन्दै आलोचना भएसँगै उक्त आईपीओ रोकिएको हो ।

कम्पनीले दुईपटक सार्वजनिक गरेको आह्वानपत्रमा फरक फरक वित्तीय अवस्था देखिएको छ । कम्पनीले २०८० माघ २ गते र २०८१ असार १९ गते जारी गरेको आह्वानपत्रमा ३ आर्थिक वर्षको वास्तविक विवरण नै फरक फरक छ । माघ २ गते सार्वजनिक आह्वानपत्रमा आर्थिक वर्ष २०७९/८० सम्मको वास्तविक प्रतिशेयर नेटवर्थ २४८ रुपैयाँ ६७ पैसा थियो । असार १९ गते सार्वजनिक भएको आह्वानपत्रमा भने वास्तविक प्रतिशेयर नेटवर्थ २४२ रुपैयाँ ५ पैसा उल्लेख छ ।

**हस्तकला प्रविधिमा ...**

यस्ता प्रविधि नेपालमा भन्दा विदेशमा गुणस्तरीय पाउने भएकाले ल्याउन खोजिएको हो । नीतिगत रूपमा हस्तकलाजन्य उद्योगमा प्रविधि हस्तान्तरण गर्न पाउने व्यवस्था भएकाले यसमा प्रविधि भित्र्याउन पहल गरिने उनको भनाइ छ । हस्तकलाजन्य उद्योगको क्षमताअनुसार मूर्तिमा सुन लगाउने प्रविधिका लागि ४/५ करोड रुपैयाँ लगानी आवश्यक पर्छ । अहिले हस्तकलाजन्य वस्तु निर्यातमा गुणस्तरको विषय पनि उठ्ने गरेको छ । ससाना उद्योग तथा व्यवसायका लागि १ करोड रुपैयाँसम्म र योभन्दा बढी लगानीको प्रविधि आवश्यक हुन्छ । 'नेपालबाट निर्यात हुने वस्तुमा कीटनाशक छैन भनेर प्रमाणित गरेरमात्रै निकासी गर्नुपर्छ,' शाक्यले भने, 'यसका लागि फ्युमिगेशन प्रविधि खोजिएको हो ।'

विभिन्न उद्योगका लागि नयाँ-नयाँ प्रविधि आवश्यक परेको हुँदा नेपालको तुलनामा गुणस्तरीय र राम्रो हुने भएकाले विदेशी प्रविधि ल्याउन खोजिएको हस्तकला उद्योगीको भनाइ छ । अहिलेसम्म हस्तकलाको क्षेत्रमा प्रविधिमा लगानी हस्तान्तरण गरेर लगानी नआएको व्यवसायी बताउँछन् । महासंघका महानिर्देशक उत्तम देवकोटाले प्रविधिका साथै एकीकृत कार्यस्थल (सीएफसी) मा पनि यस्तो विदेशी प्रविधि खोजिएको जानकारी दिए । 'अर्को एकीकृत कार्यस्थल (सीएफसी) बनाउने र त्यहाँ प्रविधि खोजिएको छ,' देवकोटाले भने, 'घरमै बसेर काम गर्दा पर्याप्त मात्रामा स्थान नपुग्ने हुँदा उद्योगमा परिणत गर्न सकिएको छैन भने अर्कोतर्फ वातावरणका कुराले गर्दा एकीकृत कार्यस्थल बनाउन सम्भाव्यता अध्ययन भएको छ ।' सीएफसी सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययनले यस्तो कार्यस्थल सञ्चालन गर्न सकिने देखाएको छ । उक्त प्रतिवेदनले हस्तकला कार्यस्थल ललितपुरमै बनाउन सकिने सम्भावना देखाएको छ । अर्कोतर्फ बागमती प्रदेश सरकारले 'बागमती प्रदेश हस्तकला ग्राम सञ्चालन विधेयक' पारित गरेको छ । यो प्रदेशका ११९ ओटै पालिकामा स्थानीय विशेषतामा आधारित हस्तकला ग्राम बनाउने योजना अघि सारेको छ । 'बागमतीमा मात्र होइन, सातै प्रदेशमा हस्तकला ग्राम हुनुपर्छ भन्ने हाम्रो माग छ,' महासंघका अध्यक्ष शाक्यले भने, 'हस्तकला ग्राममा विदेशी प्रविधि आवश्यक छ ।'

हस्तकला व्यवसाय घरमै बसेर पनि गर्न सकिने भएकाले यो क्षेत्रमा प्रत्यक्ष रूपमा करीब ११ लाख मानिसले रोजगारी पाइरहेको महासंघको तथ्यांक छ । महासंघका अनुसार वार्षिक १२ अर्ब रुपैयाँको हस्तकला निकासी हुँदै आएको र सोही रकम बराबरको कारोबार घरेलु बजारमा पनि हुने गरेको महासंघको तथ्यांक छ । 'हालसम्म पनि नेपाली हस्तकलाको सम्भावनामध्ये जम्मा १० प्रतिशत मात्रै उपयोग भएको छ,' महासंघका अध्यक्ष शाक्यले भने, 'सम्भावनाको ९० प्रतिशत क्षमता उपयोग गर्न नवीन अन्तरराष्ट्रिय प्रविधि आवश्यक छ ।'

**मानव तस्करीको ...**

जापान प्रकरणमा अधिकारीसहित सात जना पक्राउ परिसकेका छन् । अधिकारीसँग नेकपा (एमाले)को प्रदेश संसदीय दलले स्पष्टीकरण मागेको छ । राज्यको कानूनी प्रक्रिया अवलम्बन नगरी विदेश यात्रा गरेको र त्यसबारे संसदीय दललाई समेत जानकारी नगराएको भन्दै दलका तर्फबाट प्रमुख सचेतक रेवतीरमण भण्डारीले अधिकारीलाई २४ घण्टाभित्र स्पष्टीकरण दिन भनेका छन् ।

'राज्यको कानूनी प्रक्रियासमेत अवलम्बन नगरी विदेश यात्रा गर्नुभएको जानकारी प्राप्त भएबमोजिम तपाईंले विधानको दफा २१ (१) को खण्ड (ख) विपरीत कार्य गर्नुभएको देखिएको हुँदा तपाईंलाई विधानको दफा २३ (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम किन कारबाही नगर्ने ? उक्त विषयको स्पष्टीकरण यो पत्र प्राप्त भएको मितिले २४ घण्टाभित्र नेपाल कम्युनिस्ट पार्टी (एमाले) कोशी प्रदेश संसदीय दलको कार्यालय विराटनगरमा प्राप्त हुने गरी पेश गर्न निर्देशन गरिएको छ,' पत्रमा भनिएको छ ।

---

**Sarkegad Rural Municipality**

## Office of Rural Municipal Executive

Sarkegad, Humla

Karnali Provience, Nepal

## Invitation for Online Bids

**Date of Publication: 11/11/24 AD (2081/07/26B.S.)**

1. Sarkegad Rural Municipality, Office Rural Municipal Executive Sarkegad, Humla invites electronic bids only from Nepalese eligible bidders for the contracts named below.
2. Bidder should deposit the cost of bidding document in the Office's revenue account as specified below.
   **Name of Bank :** Citizens Bank International limited.
   **Bank Address :** Sarkegad, Humla.
   **Office Dharauti Account no :** 0650100000006202
   **Office Rajashwo (Revenue) Account no :** 0650100000001202
3. The details of Works are as follows:

| S. N. | Contract Identification Number | Description of Work | Total Estimated Amount with VAT & Contingencies NRs | Bid Security Amount NRs | Bid Document fee NRs |
|---|---|---|---|---|---|
| 1. | eGP/SRM/ WORKS/03/2081/082 | Bhujma Dhara Dekhi Jaira Gaun Samma Sadak Nirman Yojana | 19980198.87 | 500000.00 | 3000.00 |

Note:The notice date of contract number eGP/SRM/WORKS/03/2081/082 should be published on 2081/07/25 due to technical reasons, it has been published on 2081/07/26.

Eligible Bidder's may obtain all further information at the Office Rural Municipal Executive, mobile no. 9858028198 or may visit PPMO website http://www.bolpatra.gov.np/egp

**Chief Administrative officer**

---

## नबिल बैंक लिमिटेड, अर्नामा शाखा, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०१/२८ को नयाँ पत्रिका दैनिक** पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **अर्नामा शाखा, सिराहा** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय वाणिज्य विभाग मिति २०७५/०४/२२ मा प्रा.फ.र.नं ८२६२/२०७५/०७६ अन्तर्गत दर्ता भएको **कृष्ण जनरल स्टोर ।**
ठेगाना : सिराहा जिल्ला अर्नाामा गा.पा वडा नं ३, सिराहा ।

**ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः**
नन्दी ठाकुरको नाति, राज देव ठाकुर बरहीको छोरा सिराहा जिल्ला महेशपुर गा.वि.स वडा नं ६ स्थायी घर भई हाल सिर ाहा जिल्ला अर्नाामा गा.पा वडा नं १ नागरिकता नं. १५१०३१/१२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिराहा, मिति : बि.सं. २०६३/११/२३ भएको **दिनेश ठाकुर ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

मुनिलाल ठाकुरकी छोरी, राज देव ठाकुर बरहीकी बुहारी दिनेश ठाकुरकी श्रीमती, सिराहा जिल्ला महेशपुर गा.वि.स वडा नं ६ स्थायी घर भई हाल सिराहा जिल्ला अर्नाामा गा.पा वडा नं १, बस्ने नागरिकता नं. १५१०३१/३५८, , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिराहा, मिति : बि.सं. २०६३/११/२५ भएकी **शुभरानी देवी ठाकुर ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
सिराहा जिल्ला महेशपुर गा.वि.स वडा नं ६ स्थायी घर भई हाल सिराहा जिल्ला अर्नाामा गा.पा वडा नं १, बस्ने **शुभरानी देवी ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला महनौर गा.वि.स वडा नं ६ सिट नं ६ मा अवस्थित कि.नं. ३३५९ क्षेत्रफल ११०.०६ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **अर्नामा शाखा, सिराहा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०८/१० गते ५:०० बजे भित्र यस बैंकका **अर्नामा शाखा, सिराहा** मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०८/११ गते ३:०० बजे बैंकको **अर्नामा शाखा, सिराहा** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **अर्नामा शाखा, सिराहा** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

---

## भुल सुधार गरिएको

मिति २०८१/०७/२१ गतेका दिन **आर्थिक अभियान दैनिक पत्रिका**को पाना नं. ६ मा प्रकाशित धितोमा रहेको सम्पति लिलाम विक्रि सम्बन्धि १५ दिने सार्वजनिक सुचनाको क्र.सं. ३ मा तपसिल बमोजिमको ऋणीको विवरण हुनुपर्नेमा छुट्न गएकोले भुल सुधार गरिएको जानकारी गराउदछौं । साथै, सुचनामा रहेको संयुक्त धितोको विवरणमा रहेको सम्पतिहरु ऋणी क्र.सं. १, २ र ३ का लागी रहेका छन् ।

**तपसिल**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम प्रदेस सरकार प्रदेस न.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय मा मिति वि.सं.२०७७/१२/०३, उद्योग दर्ता.नं.१२४९४/७७, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **डिजिटल अफसेट प्रेस ।**
ठेगानाः शिवराज नगरपालिका वडा नं.०५, कपिलवस्तु ।

**ऋणी फर्मका प्रोप्राइटरः**
युनुस खाँकी छोरी, मुस्तकीम खाँकी बुहारी, मो.उमर खाँकी श्रीमती, कपिलवस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं.०५ बस्ने, ना.प्र.नं.३८-०२-७४-०४४०५ (जारी मितिः २०७४/०९/०२, स्थान जि.प्र.का. कपिलवस्तु) भएकी **रिहाना खातुन ।**

**ऋणी फर्मका व्यक्तिगत जमानतकर्ताको विवरण**

समसुध्दहा खाँको नाती, मुस्तकीम खाँको छोरा, कपिलवस्तु जिल्ला विरपुर गा.वि.स वडा नं. ०८ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं.०५ बस्ने, ना.प्र.न.४/०६/१३२५३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.कपिलवस्तु, (जारी मितिः बि.सं. २०६३/०५/०५), भएको **मो. उमर खाँ ।**

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

---

## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

## कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/०७/२६**

यस फाइनान्सको शाखा कार्यालय त्रिशुली, नुवाकोटबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणीहरु, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| **१. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
|---|---|
| **नाम : हरि बहादुर मंग्राती**<br>बुबा : तेज बहादुर मिजार<br>बाजे : गोरे मंग्राती<br>ना.प्र.नं. : ७४५५७/१४०२<br>मिति : २०५८/१०/१२, जि.प्र.का. नुवाकोट<br>ठेगाना : गेर्खु वडा नं.-३<br>हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट । | **नाम : वाटुली मंग्राती**<br>बुबा : विर बहादुर मिजार<br>पति : हरि बहादुर मंग्राती<br>ससुरा : तेज बहादुर मिजार<br>ना.प्र.नं : २५३०५३/७१४<br>मिति : २०६३/११/०४, जि.प्र.का. नुवाकोट<br>ठेगाना : गेर्खु वडा नं.-३<br>हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट । |

**२. ऋणीको विवरण**

विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोटमा विदुर नगरपालिकाको प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धि कार्यविधि २०७७ बमोजिम मिति २०७७/०६/०८ मा प्रा.फ/सा.फ.नं. ६/०७७/७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय कलंकी, करदाता सेवा कार्यालय गल्छीबाट स्थायी लेखा नं. ६१३७६६८४३ को प्रमाण पत्र प्राप्त **सुमि एण्ड सुनिता सुज सेन्टर ।**
प्रोप्राइटर : वाटुली मंग्राती
ठेगाना : विदुर नगरपालिका वडा नं.- १, नुवाकोट ।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **नाम : वाटुली मंग्राती**<br>बुबा : विर बहादुर मिजार<br>पति : हरि बहादुर मंग्राती<br>ससुरा : तेज बहादुर मिजार<br>ना.प्र नं : २५३०५३/७१४<br>मिति : २०६३/११/०४, जि.प्र.का. नुवाकोट<br>ठेगाना : गेर्खु वडा नं.-३<br>हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट | **नाम : हरि बहादुर मंग्राती**<br>बुबा : तेज बहादुर मिजार<br>बाजे : गोरे मंग्राती<br>ना.प्र.नं. : ७४५५७/१४०२<br>मिति : २०५८/१०/१२, जि.प्र.का. नुवाकोट<br>ठेगाना : गेर्खु वडा नं.-३<br>हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट । |

**उल्लेखित दुवै कर्जामा संयुक्त रुपमा रहेको धितो सुरक्षणको विवरण :**

मालपोत कार्यालय नुवाकोटमा हरि बहादुर मंग्रातीको नाममा दर्ता कायम रहेको साविक त्रिशुली-२, हाल विदुर नगरपालिका वडा नं. ९ स्थित कित्ता नं.४५२२ र ४५२४ को क्षेत्रफल क्रमश : ०-०-३-० र ०-३-०-० (रोपनी) को घरजग्गा तथा सोमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...।

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ ।
(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८१/०८/१० गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८१/०८/१२ गते दिनको २:०० बजे शाखा कार्यालय त्रिशुली, नुवाकोटमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।
(४) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन ।
(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।
(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ । उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।
(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन । बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।
(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको शाखा कार्यालय त्रिशुली, नुवाकोटमा सम्पर्क राख्न सक्नु हुनेछ ।
(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np

www.icfc.com.np

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/०८१ | लिसरा रिसेप्सन, भगवती बहाल नक्साल, काठमाडौं | कात्तिक ३० | ११:०० | १४.२५ | ०.७५ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक ९ |
| २ | सानिमा बैंक लिमिटेड | २०८०/०८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | मङ्सिर ४ | ११:०० | | ५.२६३२ | अग्राधिकार शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २५ |
| ३ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | २०८०/०८१ | सेलिब्रेसन हाईट, सुकेधारा, काठमाडौं | मङ्सिर ६ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २१ |
| ४ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | २०८०/०८१ | होटल एभोकाडो अर्किड रिसोर्ट, हेटौंडा | मङ्सिर ६ | १०:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २५ |
| ५ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २०८०/०८१ | कम्पनीको कार्यालय परिसर, नयाँ बानेश्वर, काठमाडौं | मङ्सिर ६ | ११:०० | ८ | | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २८ |
| ६ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | २०८०/०८१ | नेपाली चुलो लाजिम्पाट, काठमाडौं | मङ्सिर ७ | ८:०० | ५ | ०.२६३२ | १२५ प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २८ |
| ७ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/०८१ | होटल उग्रचण्डी, बनेपा, काभ्रेपलाञ्चोक | मङ्सिर ७ | ३:०० | १४.२५ | ०.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २५ |
| ८ | रिडी पावर कम्पनी लिमिटेड | २०८०/०८१ | होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं | मङ्सिर ७ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २९ |
| ९ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | २०८०/०८१ | काठमाडौं ब्याङ्क्वेट, थापागाउँ, काठमाडौं | मङ्सिर १० | १०:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २८ |
| १० | माईखोला हाइड्रोपावर लिमिटेड | २०८०/०८१ | स्मार्ट दरबार, शंखपार्क, काठमाडौं | मङ्सिर १४ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २९ |
| ११ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | २०८०/०८१ | स्मार्ट दरबार, शंखपार्क, काठमाडौं | मङ्सिर १४ | ९:०० | ४.७५ | ०.२५ | वार्षिक प्रतिवेदन पारित गर्ने | कात्तिक २६ |
| १२ | ग्लोबल आइएमई बैंक लिमिटेड | २०८०/०८१ | नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं | मङ्सिर २७ | १०:०० | ५.५ | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर ९ |
| १३ | सोल्टी होटल लिमिटेड | २०८०/०८१ | नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं | पुस ४ | ११:०० | १० | २६.८५ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १३ - पुस ४ |

# लगातार तीन दिन घटेपछि २ दशमलव ३३ प्रतिशत बढ्यो नेप्से

### समूहगत परिसूचकमा आएको परिवर्तन

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३,५२०.१२ | ४.२६ |
| २ | विकास बैंक | ५,४८८.४३ | २.७१ |
| ३ | लगानी | १०७.४४ | २.५६ |
| ४ | अन्य | २,११४.३४ | २.५२ |
| ५ | वित्त | ३,५८४.२३ | २.४८ |
| ६ | उत्पादन तथा प्रशोधन | ७,११८.२२ | २.३२ |
| ७ | जीवन बीमा | १३,४८७.५२ | २.१६ |
| ८ | निर्जीवन बीमा | १३,५४८.२० | १.९५ |
| ९ | बैंकिङ्ग | १,५३१.५७ | १.६२ |
| १० | लघुवित्त | ५,०३६.७२ | १.५१ |
| ११ | व्यापार | ३,६३५.०० | १.१५ |
| १२ | होटल तथा पर्यटन | ६,८७३.५४ | ०.९६ |
| १३ | म्युचुअल फण्ड | २१.६९ | ०.६२ |

**अभियान संवाददाता**

काठमाडौं

लगातार तीन कारोबार दिन घटेको नेप्से आइतवार २ दशमलव ३३ प्रतिशत वृद्धि भएको छ। यससँगै नेप्से २ हजार ७३८ दशमलव शून्य ६ विन्दुमा पुगेको हो ।

आइतवार नेप्से परिसूचकसँगै कारोबार रकममा वृद्धि भएको छ । यस दिन रू. ९ अर्ब ७७ करोड बराबरको धितोपत्र कारोबार भएको हो । यो रकम करीब दुई महीनायताकै उच्च हो । यसअघि गत भदौ ३० गते नेप्सेमा रू. १० अर्ब ३३ करोडको धितोपत्र कारोबार भएको थियो ।

कारोबारमा आएका धितोपत्रमध्ये तीन धितोपत्रको मूल्य १० प्रतिशतका दरले वृद्धि भएको छ। गुराँस लघुवित्त, श्रृजनशील लघुवित्त र सुपर मादी हाइड्रोपावरको शेयर मूल्य १० प्रतिशतका दरले वृद्धि भएको हो ।

आइतवार सबैभन्दा बढी सानिमा ग्रोथ फण्डका इकाईधनीहरूले गुमाएका छन्। यस फण्डको इकाई मूल्य ६ दशमलव ७६ प्रतिशत घटेको छ । फण्डको इकाई मूल्य रू. ९ दशमलव ५१ कायम भएको छ ।

सर्वाधिक शेयर खरीदबिक्रीको हिस्सा सानिमा जिआईसी इन्स्योरेन्सले ओगटेको छ । यस कम्पनीको रू. ३८ करोड ४ लाख बराबरको शेयर खरीदविक्री भएको छ । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ७६९ दशमलव ९० कायम भएको छ ।

कारोबारमा आएका १३ ओटै समूहगत परिसूचक बढेका छन् । तीमध्ये जलविद्युत् समूहको सूचक सबैभन्दा बढी ४ दशमलव २६ प्रतिशत वृद्धि भएको छ ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४१ दशमलव ८६ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ९ करोड बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ। उक्त समूहको रू. १ अर्ब २८ करोड ८५ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ५२ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५० करोड ९९ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४९ करोड ५३ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै दोस्रोमा ब्रोकर नं. ४१ रहेको छ। जसबाट आइतवारको बजारमा रू. ७७ करोड ९१ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

### मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

| बढेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,०९०.०० | १०.०० | सानिमा ग्रोथ फण्ड | ९.५१ | -६.७६ |
| श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २,१३०.७० | १०.०० | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,६२०.२० | -४.८६ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | ७४२.५० | १०.०० | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १,७३०.०० | -४.१६ |
| वलेफी हाइड्रोपावर लिमिटेड | ३७०.९० | ९.९९ | १०% एनआईसी एशिया डिबेन्चर २०८५/८६ | १,०८५.०० | -३.५६ |
२. नर बहादुर कार्कीको नाति, फणिन्द्र राज कार्कीको छोरा, झापा जिल्ला, गौरादह गा.वि.स/ न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **दिनेश कार्की (ना.प्र.प.नं. १४८३४, झापा)**
३. फणिन्द्र राज कार्कीको बुहारी, दिनेश कार्कीको पत्नी, झापा जिल्ला, महारानीझोडा गा.वि.स/ न.पा. वडा नं. ८,स्थित स्थायी ठेगाना भएको **सोना दंगाल (ना.प्र.प.नं. ०४२०४६/६३०, झापा)**

**धितोमा रहेको सम्पतिको विवरण**

१ **रमेश कार्की**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, वनिगामा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ७२७, ७२८, ७१६,७३४, ८८०, ७३६, ५५, ४३, ७१४, ८००, ७२१, ८७७, ४९, ८७८, ८७९, ७१९, ७२४, ७१३, ७३७ र ६८८ को क्रमश: क्षेत्रफल ०-७-१०-२ ,०-९-११-२, ०-२-१७-०, ०-१-१५-०, ०-७-१०-०, ०-०-१३-२, ०-१०-१०-०, ०-६-८-२, ०-७-१२-०, ०-१-१०-०, ०-६-०-० ०-५-११-१, ०-२-१५-२, ०-४-२-३, ०-७-१०-०, ०-९-१७-०, ०-१०-१६-०, ०-७-१७-०, ०-१-६-२ र ०-१-३-२ (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. यस बैंकको हितमा गरिदिएको मौज्दात, प्लान्ट, मेशिनरीको हाइपोथिकेशन तथा चल अचल सम्पति र अमुर्त सम्पति माथिको हक समेत ।

**नोट : माथि उल्लेखित ऋणी नं. २ को धितोमा रहेको सम्पतिको विवरण नं. १ मा रहेको सम्पति ऋणी गोकुलम रिसोर्ट प्रा.लि.को लागि समेत धितोमा रहेको ।**

**शाखा कार्यालय : पृथ्वीचोक, कास्की**

**१. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०५६/०२/१४ मा प्रा.फ.नं. ८९६६/०५६ कायम भई दर्ता भएको कास्की जिल्ला, साबिक पोखरा उ.म.न.पा. वडा नं. ३, तर्सापटी स्थित **तनहु सुन चादी दुकान** **प्रोप्राइटर: बुद्धि वहादुर गहतराज**

**२. ऋणीको विवरण**

डल्ले गहतराजको नाति, गुमान बहादुर गहतराजको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बुद्धि बहादुर गहतराज (ना.प्र.प.नं. ५५२२, कास्की)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. डल्ले गहतराजको नाति, गुमान बहादुर गहतराजको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **बुद्धि बहादुर गहतराज (ना.प्र.प.नं. ५५२२, कास्की)**
२. गुमान बहादुर गहतराजको बुहारी, बुद्धि बहादुर गहतराजको पत्नी, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **जुनमाया गहतराज (ना.प्र.प.नं. ५५७३, कास्की)**
३. गुमान बहादुर गहतराजको नाति, बुद्धि बहादुर गहतराजको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **राज कुमार गहतराज (ना.प्र.प.नं. १३६५५४, कास्की)**

**धितोमा रहेको सम्पतिको विवरण**

**बुद्धि बहादुर गहतराजको** नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा./म.न.पा. वडा नं. ८ स्थित कित्ता नं. १३१ को क्षेत्रफल १३३.०० (व.मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**नोट : माथि उल्लेखित शाखा कार्यालय पृथ्वीचोक, कास्कीको ऋणी नं. १ र २ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण र धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।**

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०७/२६ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु इटहरी, सुनसरी र पृथ्वीचोक, कास्कीबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०८/०२ गते आइतबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०८/०३ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु इटहरी, सुनसरी र पृथ्वीचोक, कास्कीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# अर्थ समितिका काम प्रभावकारी बनाउन छलफल



काठमाडौं । संघीय संसद् प्रतिनिधि सभाअन्तर्गतको अर्थ समितिका काम प्रभावकारी र नतीजामुखी ढंगले सञ्चालन गर्न छलफल भएको छ । समितिको आइतवारको बैठकमा कार्यसूची बनाउने र सदस्यहरूको सहभागिता बढाउने विषयमा छलफल भएको सभापति सन्तोष चालिसेले जानकारी दिए । समितिमा विचाराधीन विधेयकलाई चाँडो टुंग्याउने तथा समितिका अन्य काम कारबाही प्रभावकारी बनाउन सदस्यहरूको बैठकमा उपस्थिति बढाउनेबारे पनि छलफल भएको उनको भनाइ छ ।

'संसदीय समितिका बैठकहरूमा गणपूरक संख्या (कोरम) नपुग्ने समस्या छ । कोरम नपुऱ्याई छलफल र निर्णयहरू गर्न नियमले दिँदैन,' बैठकमा उनले भने, 'सभामुखले पनि यस विषयमा चासो देखाउनु भएको छ । समितिका बैठक बोलाउँदा सबै दलका प्रमुख सचेतक तथा सचेतकहरूलाई जानकारी गराउने र सदस्यहरूको उपस्थिति बढाउने विषयमा पनि छलफल भएको छ ।'

समितिको आइतवारको बैठकमा सांसद सूर्यबहादुर थापा क्षेत्रीले समितिका काम प्रभावकारी बनाउन कार्यतालिका बनाएर कडाइका साथ लागू गरिनुपर्ने बताए । समितिमा गणपूरक संख्या नपुगेर विधेयकमाथिका छलफल प्रभावित हुन नहुने उनको भनाइ थियो ।

त्यस्तै, सांसद जुलीकुमारी महतो महासेठले चालू आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा सम्बन्धित मन्त्रालयहरूलाई समितिमा बोलाएर जानकारी लिनुपर्ने बताइन् । अर्थ समितिमा अहिले पाँचओटा विधेयक विचाराधीन छन् । ती विधेयकमाथि चाँडो छलफल गरेर टुंग्याउनुपर्ने धारणा समितिका अधिकांश सदस्यहरूको मत छ । चाडबाडहरू सकिएको र अहिले संसद्को हिउँदे अधिवेशन समेत शुरू नभएको अवस्थामा समितिका गतिविधि बढ्नुपर्ने विषय समितिमा उठेको थियो । त्यस्तै, आगामी मङ्सिर १६ गतेका लागि तय भएको उपनिर्वाचन अघि समितिका बैठक प्रभावित हुन सक्ने धारणा सांसदहरूको थियो । *रासस*

# छिल्लीकोटमा जिपलाइन निर्माण पूरा




तुलसीपुर (दाङ) । दाङको पर्यटकीय स्थल तुलसीपुर उपमहानगरपालिका-१९ मा जिपलाइन निर्माण पूरा भएको छ । सञ्चालक श्रीधर न्यौपानेका अनुसार रङरोगन र टिकट काउन्टर निर्माणको काम बाँकी रहे पनि मुख्य जिपलाइनको काम पूरा भएको छ । उनले आउँदो मङ्सिरभित्रै उक्त जिपलाइन सञ्चालन गर्ने गरी तयारी गरेको बताए । 'निर्माण शुरू भएको लामो समय बित्यो, भर्खरै मात्रै पूरा भयो,' उनले भने, 'धेरै जनाले छिटो सञ्चालनमा ल्याउनु पऱ्यो भन्दै आउनुभएको छ, अब मङ्सिर महीनाभित्र सञ्चालनका लागि तयारी गरेका छौं ।'

दुई वर्ष अघिदेखि निर्माण शुरू भए पनि भौगोलिक विकटताले गर्दा सामान ओसार्न समस्याले ढिलाइ भएको उनको भनाइ छ । तार तान्न नै एक वर्ष लागेकाले ढिलाइ भए पनि अहिले सञ्चालनको चरणमा पुगेको उनले बताए ।

दुई करोड लागतमा बनेको उक्त जिपलाइन एक हजार एक सय मिटर लामो छ भने टेकअफ टावर र ल्यान्डिङ टावर उचाइ एक सय ३० डिग्री एलिभेसनमा छ । स्थानीय भुल्के सामुदायिक वनको जग्गामा जिपलाइन निर्माण भएको छ, जसबापत प्रत्येक टिकट बिक्रीबाट वनलाई पाँच प्रतिशत र त्यहाँ रहेको कालिका मालिका मन्दिरलाई पाँच प्रतिशत दिने सम्झौता भएको छ ।

बीस वर्षका लागि जिपलाइन सञ्चालन गर्ने गरी सम्झौता भएको उनको भनाइ छ । जिपलाइनमा १० जनाले रोजगारी पनि पाउने उनको भनाइ छ । छिल्लीकोट दाङको पर्यटकीयस्थल भएकाले त्यसलाई थप आकर्षक बनाउन जिपलाइन निर्माण गरिएको भन्दै यसले आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन मद्दत पुग्ने उनले बताए । साहसिक खेल मानिने जिपलाइनप्रति आकर्षण बढ्ने भएकाले पनि पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास लिइएको छ । *रासस*

**एभरेष्ट हस्पिटालिटि एण्ड होटल लिमिटेडको**
**विशेष साधारण सभा सम्बन्धी सूचना**
**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१ कार्तिक २६ गते)**

यस कम्पनिको मिति २०८१ साल कार्तिक २५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना पठाइएको छ ।

**सभाहुने मिति** : २०८१/०८/१३ (सन् नोभेम्बर २८, २०२४) गते विहिवार
**स्थान** : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।
**समय** : बिहान १०:०० बजे
**कम्पनीको बिशेष साधारण सभाको छलफलको बिषयसुची:**
**बिशेष प्रस्तावहरु :-**
१) कम्पनिको नियमावली संशोधन गरी छ सदस्यीय संचालक समिती कायम गर्ने र नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्ने बारे ।
२) नया संचालक नियुक्ति गर्ने र सो अनुसार संचालक लगत अद्यावधिक गरी नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्ने बारे ।
३) विविध

संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्धारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नेपाल हस्पिटालिटि एण्ड होटल लिमिटेडको**
**विशेष साधारण सभा सम्बन्धी सूचना**
**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१ कार्तिक २६ गते)**

यस कम्पनिको मिति २०८१ साल कार्तिक २५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना पठाइएको छ ।

**सभाहुने मिति** : २०८१/०८/१३ (सन् नोभेम्बर २८, २०२४) गते विहिवार
**स्थान** : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।
**समय** : दिउसो १२:०० बजे
**कम्पनीको बिशेष साधारण सभाको छलफलको बिषयसुची:**
**बिशेष प्रस्तावहरु :-**
१) कम्पनिको नियमावली संशोधन गरी छ सदस्यीय संचालक समिती कायम गर्ने र नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्ने बारे ।
२) नया संचालक नियुक्ति गर्ने र सो अनुसार संचालक लगत अद्यावधिक गरी नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्ने बारे ।
३) विविध

संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्धारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# बर्दिवास मेडिकल कलेज निर्माणको काम अगाडि बढ्न सकेन




महोत्तरी । महोत्तरीको बर्दिवासमा निर्माण हुने बर्दिवास मेडिकल कलेजको काम अगाडि बढ्न सकेको छैन । बर्दिवास मेडिकल कलेज देशकै राजनीतिक वृत्तमा व्यापक चर्चाको विषय भए पनि विभिन्न कारणले निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन । बर्दिवासमा रहेको राष्ट्रिय वन मासेर मेडिकल कलेज स्थापना गर्न खोज्दा शुरुआतदेखि नै जग्गा प्राप्तिमा समस्या भएको स्थानीय राजनीतिज्ञ पोषण थापाले बताए ।

लामो समय बितिसक्दा समेत मेडिकल कलेज निर्माणको डिपिआरसमेत स्वीकृत हुन नसकेकाले बर्दिवाससहित सम्पूर्ण मधेश प्रदेशका नागरिक मेडिकल कलेज बन्नेमा शंका व्यक्त गरेका छन् । सम्बन्धित निकायको बेवास्ताले मेडिकल कलेज निर्माण अन्योलमा पर्दै आएको बर्दिवासका स्थानीय बासिन्दा मनोज थापाले बताए ।

सात वर्षदेखि व्यवस्थापनमै मात्र करीब आठ करोड खर्च भइसके पनि अहिलेसम्म कलेज निर्माणका लागि जग्गा प्राप्ति र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत स्वीकृत हुन सकेको छैन । मेडिकल कलेज सञ्चालनका आयोजना कार्यालयका कर्मचारीले कुनै काम गर्न पाएका छैनन् । आयोजनामा कार्यरत कर्मचारी बर्सेनि बजेट माग्ने, ल्याउने र खर्च गर्नमै व्यस्त छन् । आयोजना कार्यालयले विस्तृत परियोजना प्रतिवेदनका लागि मात्रै चार करोड ६० लाख खर्च गरेको छ । तरशिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रतिवेदन स्वीकृत नगर्दा कुनै पनि काम अगाडि बढ्न नसकेको र चालू आर्थिक वर्षमा पूँजीगततर्फ १० लाखमात्र बजेट विनियोजन भएकाले काम अगाडि बढाउन समस्या भएको आयोजनाका निर्देशक देवीप्रसाद सुवेदीले बताए ।

आयोजना कार्यालयले विस्तृत परियोजना प्रतिवेदन तयार गरी मन्त्रालयमा स्वीकृतिका लागि २०७८ कात्तिकमा पेस गरेको भए पनि हालसम्म स्वीकृत हुन सकेको छैन । विस्तृत परियोजना प्रतिवेदन स्वीकृति नहुँदा जग्गाको सम्झौता भएको छैन । वन तथा भूसंरक्षण विभागबाट जग्गा सम्झौता तथा डिभिजन वन कार्यालयबाट इजाजत लिएपछि मात्र जग्गा प्राप्ति टुंगिने निर्देशक सुवेदीले बताए ।

मेडिकल कलेज निर्माणका लागि बर्दिवास-४ स्थित जिल्ला वनको ५४ दशमलव पाँच सय ८४ हेक्टर जग्गा यस आयोजनालाई प्रयोग गर्न दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । महोत्तरीमा पूर्व-पश्चिम राजमार्गसँगै रहेको जंगल क्षेत्रमा स्थापनाको तयारी गरिएको मेडिकल कलेजको भविष्य राजनीतिक स्वार्थकै कारण अन्योलमा परेको छ ।

वनको जग्गा प्रयोग गर्दा सर्वोच्च अदालतको २०८० जेठ २९ को निर्देशनात्मक आदेशमा हालका रुख काटिनुअगावै नयाँ बिरुवा रोप्ने व्यवस्था मिलाउन आदेश दिइएको छ । सर्वोच्चको आदेशअनुसार एक हजार नौ सय ६७ बिरुवाको सट्टामा १९ हजार ६ सय ७० भन्दा बढी बिरुवा रोपिएको दुई महीना नपुग्दै बाढीले आधाभन्दा बढी बगाएको थियो ।

डिभिजन वन कार्यालयको १० लाख र बर्दिवास नगरपालिकाको १० लाख गरी २० लाख बजेट खर्चेर रोपिएका १९ हजारभन्दा बढी बिरुवामध्ये आधाभन्दा बढी खोलाले बगाएको आयोजना कार्यालयले जनाएको छ । मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालन कार्यविधि शिक्षामन्त्रीले स्वीकृत गरेपछि २०७६ वैशाख १८ गते बर्दिवासमा आयोजनाको कार्यालय सञ्चालनमा ल्याइएको थियो । आयोजना कार्यालयले जग्गाको विस्तृत सर्वेक्षणसहित गुरुयोजना स्वीकृत, वन तथा वातावरण मन्त्रालयको मन्त्रिस्तरको निर्णयबाट वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत, राष्ट्रिय योजना आयोगको निर्णयबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा बर्दिवास मेडिकल कलेज सिफारिस भएको छ । *रासस*

**आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.**
**Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.**
क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बै. इ. पा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८

"नेपाल राष्ट्र बैंकबाट घ" वर्गको इजाजतपत्रप्राप्त (राष्ट्रिय स्तरको) वित्तीय संस्था
केन्द्रिय कार्यालय बनेपा १० काभ्रेपलान्चोक, फोन नं. ०११-६६४५७९

## INTERIM FINANCIAL STATEMENTS

### Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 30th Ashoj, 2081

*Figures in NPR*

| Assets | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalent | 6,409,910 | 15,980,423 |
| Due from Nepal Rastra Bank | 26,194,331 | 26,194,331 |
| Placement with Bank and Financial Institutions | 403,672,297 | 585,453,025 |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loan and advances to B/FIs | - | - |
| Loan and advances to Customers | 4,394,176,722 | 4,251,067,352 |
| Investment Securities | 1,000,000 | 1,000,000 |
| Current Tax Assets/Liabilities | 26,196,342 | 53,460,620 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 4,077,000 | 4,077,000 |
| Property & equipment | 11,727,488 | 12,141,253 |
| Goodwill and Intangible assets | 23,370,218 | 23,370,218 |
| Deferred tax assets | 20,621,068 | 20,621,068 |
| Other assets | 192,245,094 | 165,856,479 |
| **Total Assets** | **5,109,690,471** | **5,159,221,769** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposit from customer | 1,512,031,544 | 1,582,064,180 |
| Borrowings | 2,861,828,650 | 2,784,451,314 |
| Current Tax Liabilities | 9,220,457 | 18,653,097 |
| Provisions | 124,694,034 | 124,694,034 |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 79,528,551 | 128,273,045 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **4,587,303,236** | **4,638,135,670** |
| **Equity** | | |
| Share Capital | 367,143,409 | 367,143,409 |
| Other components of equity | 23,370,218 | 23,370,218 |
| Share Premium | - | - |
| Retained Earnings | (14,904,540) | (36,494,284) |
| Reserves | 146,778,148 | 167,066,757 |
| **Total Equity Attributable to equity holders** | **522,387,235** | **521,086,099** |
| **Non-controlling interest** | - | - |
| **Total Equity** | **522,387,235** | **521,086,099** |
| **Total Liabilities and equity** | **5,109,690,471** | **5,159,221,769** |

### Condensed Statement of Profit or Loss
For the Quarter ended 30th Ashoj, 2081

| Particulars | Current year | | Previous Year corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this quarter(YTD) | This Quarter | Upto this quarter(YTD) |
| Interest income | 162,139,307 | 162,139,307 | 169,038,911 | 169,038,911 |
| Interest Expenses | 76,549,575 | 76,549,575 | 104,129,832 | 104,129,832 |
| **Net Interest income** | **85,589,732** | **85,589,732** | **64,909,079** | **64,909,079** |
| Fees and commission income | 9,190,508 | 9,190,508 | 18,692,017 | 18,692,017 |
| Fees and commission expenses | 316,334 | 316,334 | 1,078,350 | 1,078,350 |
| **Net Fees and commission income** | **8,874,175** | **8,874,175** | **17,613,667** | **17,613,667** |
| **Net Interest, fee and commission income** | **94,463,907** | **94,463,907** | **82,522,746** | **82,522,746** |
| Net trading income | - | - | - | - |
| Other operating income | 1,304,483 | 1,304,483 | - | - |
| **Total operating income** | **95,768,390** | **95,768,390** | **82,522,746** | **82,522,746** |
| Impairment charge/(reversal) for loans and other losses | (14,443,882) | (14,443,882) | 9,976,384 | 9,976,384 |
| **Net operating income** | **110,212,272** | **110,212,272** | **72,546,362** | **72,546,362** |
| **Operating expense** | | | | |
| Personnel expenses | 64,294,951 | 64,294,951 | 52,265,818 | 52,265,818 |
| Other operating expense | 14,089,579 | 14,089,579 | 15,550,890 | 15,550,890 |
| Depreciation & Amortisation | 1,092,886 | 1,092,886 | 1,094,708 | 1,094,708 |
| **Operating profit** | **30,734,856** | **30,734,856** | **3,634,947** | **3,634,947** |
| Non operating income | - | - | - | - |
| Non operating expenses | - | - | - | - |
| **Profit before income tax** | **30,734,856** | **30,734,856** | **3,634,947** | **3,634,947** |
| Income Tax Expense | | | | |
| Current Tax | 9,220,457 | 9,220,457 | 1,090,484 | 1,090,484 |
| Deferred Tax | - | - | - | |
| **Profit/(loss) for the period** | **21,514,399** | **21,514,399** | **2,544,463** | **2,544,463** |

### Condensed Statement of Comprehensive Income
For the Quarter ended 30th Ashoj, 2081

| Particulars | This Quarter | Upto this quarter(YTD) | This Quarter | Upto this quarter(YTD) |
|---|---|---|---|---|
| Profit/(loss) for the period | 21,514,399 | 21,514,399 | 2,544,463 | 2,544,463 |
| Other Comprehensive lncome | - | - | - | - |
| **Total Comprehensive lncome** | **21,514,399** | **21,514,399** | **2,544,463** | **2,544,463** |
| Annualized Basic earnings per share | | 23.44 | | 2.77 |
| Dituted earnings per share | - | 23.44 | - | 2.77 |
| **Profit attributable to:** | | | | |
| Equity holders of the Bank | 21,514,399 | 21,514,399 | 2,544,463 | 2,544,463 |
| Non-controlling interest | - | - | - | - |
| **Total** | **21,514,399** | **21,514,399** | **2,544,463** | **2,544,463** |

### Ratios as per NRB Directive

| Particulars | Current year | | Previous Year corresponding | |
|---|---|---|---|---|
| | This Quarter Ending | Upto this quarter(YTD) | This Quarter Ending | Upto this quarter(YTD) |
| CapitaL fund to RWA | | 8.88% | | 8.14% |
| Non-performing loan (NPL) to total loan | | 2.14% | | 5.49% |
| Total Loan loss provision to Total NPL | | 20.56% | | 32.70% |
| Cost of Funds | | 6.88% | | 11.54% |
| Credit to Deposit Ratio | | 216.02% | | 241.21% |
| Base Rate | | 13.96% | | 18.67% |
| Interest Rate Spread | | 8.12% | | 3.46% |

### Details about the distributable profit for the Quarter :

| | |
|---|---|
| Net profit for the quarter ending 30th Ashoj, 2081 | 21,514,399 |
| 1. Appropriations | 4,840,740 |
| 1.1 Profit required to be appropriated to : | |
| a. General Reserve | 4,302,880 |
| b. Capital Redemption Reserve | - |
| c. Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility Fund | 215,144 |
| e. Employees Training Fund | - |
| f. Client Protection Fund | 322,716 |
| g. Other | - |
| 1.2 Profit required to be transferd to Regulatory Reserve: | (6,582,730) |
| a. Transferred to Regulatory Reserve | (6,582,730) |
| b. Transferred from Regulatory Reserve | - |
| Net profit for the quarter ending 30th Ashoj 2081 available for distribution | 10,090,929 |

**Notes to Interim Financial Statements**
1. Above financials have been prepared in accordance wth Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN)
2. Previous period figure have been regrouped/rearranged/restated wherever necessary.
3. Loan and Advances include interest receivables and are presented net of impairment charges.
4. Personnel Expenses include employment bonus provision calculated at 10 % of Profit before bonus & taxes.
5. Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorites.

### Interest Rate

| | |
|---|---|
| 1. Deposit | 7.5% to 8% |
| 2. Loan & Advance | 15% |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

### आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण** :
क) त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।
ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २३.४४ (वार्षिकिकरण) | ४६.०८ | १४२.२८ | १३९१.७४ | ३.१९ |

**२. व्यवस्थापकिय विश्लेषण** :
**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धि विवरण** : यस वित्तीय संस्थाको कारोबार, मौज्दात, प्रति शेयर नेटवर्थ, र प्रति शेयर आम्दानी गत आ.व को सोही अवधिको तुलनामा सुधार भएको छ । यद्यपी संस्थाको समग्र कार्यक्रम सन्तोषजनक हुनुको साथै व्यवसायिक योजना अनुरुप नै रहेको छ ।
**ख) आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विष्लेषणात्मक विवरण** : नेपाल राष्ट्र.वैकबाट राष्ट्रिय स्तरको कार्यक्षेत्र विस्तार गर्न स्विकृती प्राप्त यस वित्तीय संस्थाले देशका ७ वटै प्रदेशबाट ५३ जिल्लामा १४० वटा शाखाहरुबाट सेवा दिंदै आएकोमा संस्थाले संचालन खर्च तथा जोखिमलाई न्युनीकरणका लागी अघिल्लो आ.व. को चौथो त्रैमासिकमा ५ वटा शाखाहरुलाई एक आपसमा मर्जर गरी १३५ वटा शाखाहरुबाट वित्तीय सेवा प्रदान गर्दै आएको छ । यस त्रैमासको अन्तसम्ममा यस वित्तीय संस्थाले कूल ९९,२२७ विपन्न घर परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ । कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बृद्धि गर्न, तथा कार्यक्रमलाई थप प्रभावकारीरुपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कर्जा तथा कार्यक्रमको गुणस्तर वृद्दी गर्न जोड दिईएको छ । साथै संस्थालाई सुचना प्रविधी (Digitalization) मैत्री बनाउंदै वित्तीय सेवाबाट बञ्चित विपन्न वर्गका परिवारमा वित्तीय सेवा तथा सुविधा पुऱ्याउने योजना रहेको छ ।
**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण**: लघुवित्त संस्थाहरुको बाक्लो उपस्थितीले हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त वित्तीय संस्था विरुद्धका विभिन्न गतिविधी तथा कर्जा लगानीमा निर्धारित ब्याजदरको सिमा जस्ता कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्नसक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन सचेत एवम् अग्रसर छ । कर्जाको दोहोरोपनालाई निरुत्साहीत गरी गुणस्तरमा अभिवृद्धी गर्न यस वित्तीय संस्थाले कर्जा सुचना केन्द्रसंग समन्वय गरी कर्जा सुचना आदान प्रदान गर्दै आएको छ ।

**३. कानुनी कारवाहि सम्बन्धि विवरण** :
क) गत आ.व मा संस्थाले नुवाकोट जिल्लामा रहेको खरानीटार शाखामा कर्मचारीले गरेको रकम अपचलनको आधार मा सम्बन्धित कर्मचारीहरु विरुद्धमा मुद्दा दायर गरेर आवश्यक कानुनी प्रकृया अगाडी बढाएको छ ।
ख) यस संस्थाको संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।
ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :
क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोवारले यस संस्थाको बजार मुल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।
ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिमा संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १४४२ | ९८२ | १०८० | ५७ | ११६०० | ७४६,५८४,४९७ | ६१२,०३५ | |

**५. समस्या तथा चुनौती**
क) लघुवित्त संस्थाहरुबीच उत्पन्न अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त वित्तीय संस्था विरोधी कार्यक्रमद्धारा लघुवित्त संस्थाहरु प्रति फैलाइएको नकारात्मक भ्रम (लघुवित्त वित्तीय संस्था विरुद्ध संघर्ष समिती) तथा सदस्यहरुको दोहोरोपना, सदस्यहरुमा कर्जाको अधिक भार,बैंकिङ्ग क्षेत्रमा देखा पर्ने अस्थिर तरलताको अवस्था आदि कारणले कार्यक्रमको गुणस्तर कायम राख्न थप चुनौतीको सामना गर्नु परेको छ । यसका साथै नियमनकारी निकायबाट समय समयमा परिवर्तन भई जारी हुने नीति, नियम तथा निर्देशन आदिको कारण संस्थामा संचालन जोखिम बढ्न सक्ने र सोको न्यूनीकरणका लागि थप चुनौती रहेको छ ।

**६. संस्थागत सुशासन**
संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका कामकारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनुभूती गराउन संस्था सदैव क्रियाशील छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानूनहरुको परिपालना गरिएको छ । संस्थाको संचालक समिति, आन्तरिक लेखापरीक्षण समिति र व्यवस्थापन समूह संस्थामा संस्थागत सुशासन कायम राख्न प्रतिबद्ध छन् । संस्थासंग भएका लिखित नीति, नियम र निर्देशिकाहरुले संस्थाको संचालन र सुशासनको सुनिश्चिता गरेको विश्वास छ ।

**७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण** :
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष् गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, २६ कात्तिक २०८१ | Monday, 11 November 2024
आर्थिक अभियान

# आइसीसी यु–१९ मा नेपाल विजयी

काठमाडौं । युनाइटेड अरब इमिरेट्स (युएई)मा जारी आइसीसी यु-१९ महिला टि-२० विश्वकप एसिया छनोटअन्तर्गत नेपाल आफ्नो चौथो खेलमा विजयी भएको छ । नेपालले आइतवारको चौथो खेलमा थाइल्याण्डलाई एक सय ६ रनले पराजित गरेको हो ।

नेपालले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ३९ रन बनाएको थियो । एक सय ४० रनको लक्ष्य पछ्याएको थाइल्याण्डको पारी १६ ओभरमा ३३ रनमा समेटियो ।

ब्याटिङ गर्ने क्रममा नेपालका लागि साना प्रविनले ५३, सावित्री धामीले २८ तथा सोनी पाखिनले १९ रन बनाइन् । एक सय ४० रनको लक्ष्य पछ्याउने क्रममा थाइल्याण्डका लागि कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । बलिङतर्फ नेपालका लागि कुशुम गोदारले तीन, रिया शर्मा र रचना चौधरीले दुई दुई तथा पूजा महतोले एक विकेट लिइन् ।

प्रतियोगितामा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । प्रत्येक टोलीले एकअर्कासँग दुई दुई खेल खेल्नेछन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली आइसीसी यु-१९ महिला टि-२० विश्वकपका लागि छनोट हुनेछ । यु-१९ विश्वकप क्रिकेट प्रतियोगिता अर्को वर्ष जनवरीमा मलेसियामा आयोजना हुँदै छ । *रासस*

**सूचना अद्यावधिक तथा प्रकाशन गरिएको सम्बन्धी नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सूचना**
**(२०८१ साउन १ देखि २०८१ असोज ३० गते सम्म)**

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम यस बैंकसँग सम्बन्धित देहायका सूचना सूचिकृत गरी प्रकाशन गरिएको छ ।**

**क. निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित "पूर्वाधार विकास बैंक" वर्गको बैंक ।

**ख. निकायको काम कर्तव्य र अधिकार :**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको एकीकृत निर्देशन - २०८० बमोजिम का काम कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कार्यरत कर्मचारी संख्या २८ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद https://www.nifrabank.com मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको एकीकृत निर्देशन - २०८० अनुसार बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
यस बैंकले हालसम्म केन्द्रीय कार्यलय मार्फत मात्र कारोवार गर्ने/गराउने गरेको तथा बैंकको शाखा कार्यलयहरु नभएको । बैंकको रजिष्टर्ड कार्यालयको ठेगाना र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट https://www.nifrabank.com मा उपलब्ध छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी वा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको वेवसाइट https://www.nifrabank.com बाट प्राप्त गर्न सकिनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकको कारोवारको सम्बन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/प्रकृया मिलाइएको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि कानून विभागका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना यस प्रकार रहेको छ ।
**श्री इश्वर बन्धु गौतम**
सहायक प्रवन्धक (प्रमुख - कानुन विभाग)
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, बानेश्वर-१०, काठमाण्डौं, फोन नं. ९७७ -१-४७९४१९७/४७९०८१८,
इमेल : iswor.gautam@nifrabank.com

**झ. सम्पादन गरेको कामको विवरण :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको एकीकृत निर्देशन - २०८० बमोजिम पूर्वाधार विकास बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेका छन् ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**सूचना अधिकारी :**
**श्री सुवर्ण कुमार सिंह**
**(वरिष्ठ प्रवन्धक)**
इमेल : information.officer@nifrabank.com
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.,
बानेश्वर-१०, काठमाण्डौं,
फोन नं. : ९७७ -१-४७९४१९७/४७९०८१८

**प्रमुखको नाम र पद :**
**श्री कृष्ण बहादुर अधिकारी**
**(प्रमुख कार्यकारी अधिकृत)**
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.,
बानेश्वर-१०, काठमाण्डौं,
फोन नं. : ९७७ -१-४७९४१९७/४७९०८१८

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् :
१. बैंक तथा वित्तीय संस्था सम्वधी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय सस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६.सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको एकीकृत निर्देशन -२०८०, आदि उपर्युक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु, नेपाल राष्ट्र बैंकका सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै त्यस्तो विवरण बैंकको वेवसाइट https://www.nifrabank.com मा समेत उपलब्ध छ ।

**ड. तोकिए बमोजिम अन्य विवरण**
बैंकले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाका साथै बैंकको वेबसाइटमा प्रकाशित गर्ने गरिएको छ ।

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय अनुसार रहेको छ**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
वार्षिक साधारण सभा ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :** https://www.nifrabank.com

**ग. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
छैन ।

**घ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**
यस बैंकले आ.व. २०८१/८२ को पहिलो त्रैमासमा गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन निम्नानुसार रहेको छ :
१. विभिन्न पुर्वाधार परियोजनामा रु. ३१.८८ अर्ब बराबरको कर्जा स्वीकृत गरेको छ ।
२. रु. ५ अर्बको "निफ्रा उर्जा ऋणपत्र ६%-२०८८/८९" जारी गर्न नेपाल राष्ट्र बैंकको स्वीकृती प्राप्त भई नेपाल धितोपत्र बोर्डमा आवेदन पेश गरेको छ ।
३. बैंकको स्रोत संकलन तर्फ रु. १.८ अर्व मुद्दती निक्षेप स्वीकार गरेको छ ।

**ङ. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गीकरण गरिएको अवस्था नभएको, सूचना अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको छ ।

**च. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**
हाल सम्म सार्वजनिक निकायमा सूचना माग नपरेको र नदिइएको ।

**छ. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
यस बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । बैंकको त्रैमासिक आर्थिक विवरण, व्याजदर र अद्यावधिक सूचनाहरु राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा राख्ने गरिएको छ । साथै, बैंकले प्रदान गर्ने सेवा, सुविधाहरुको विवरण र सूचनाहरु समेत नियमित रुपमा बैंकको वेबसाइटमा अद्यावधिक गर्दै आएको छ ।

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

कृष्ण टावर, बानेश्वर, काठमाडौं, नेपाल
फोन: ९७७-०१-४७९४१९७/४७९०८१८
www.nifrabank.com, Email: info@nifrabank.com



*तस्वीर : रासस*

**हिउँद शुरू हुनै लाग्दा उपल्लो डोल्पा र मुस्ताङबाट याक तथा चौरी बिक्रीका लागि बजार लगिँदै । यतिबेला बिक्रीका लागि लगिने याक, चौरीबाट विशेषगरी सुकुटी बनाइन्छ ।**

# सुस्त गतिमा 'छोरी शिक्षा बीमा'

## ६ वर्षमा करीब १६ हजार मात्र आबद्ध

**मो. इन्तेखाब आलम**
जनकपुरधाम

मधेश प्रदेश सरकारको लोकप्रिय कार्यक्रम 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम अहिले अलपत्रजस्तै भएको छ । कार्यक्रम अन्तर्गत साइकल वितरण, लोकसेवा तयारी कक्षा सञ्चालन, दलित, मुस्लिम तथा विपन्न वर्गका किशोरीलाई छात्रवृत्ति वितरण, छोरी बीमा लगायत कार्यक्रम सञ्चालनमा थियो । तर, अहिले छोरी शिक्षा बीमा मात्र सञ्चालनमा छ । त्यही कार्यक्रम पनि प्रभावकारी नभएको सरोकारका पक्षको गुनासो आउन थालेको छ ।

बजेट, प्रचार प्रसारको अभाव तथा स्थानीय तहहरूसँग समन्वय नहुँदा छोरी शिक्षा बीमा कार्यक्रम प्रभावकारी हुन सकेको छैन । मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले आर्थिक २०७५/७६ देखि उक्त कार्यक्रम शुरू गरेका थिए । त्यतिबेला मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै सञ्चालित उक्त कार्यक्रममार्फत शुरूका वर्षमा पाँच हजार ६ सय ६६ जना छोरीको शिक्षा बीमा गरिएको थियो । तर साइकल खरीदमा अनियमितता भएको विषय बाहिर आएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेपछि उक्त कार्यक्रम २०७८ सालदेखि शिक्षा विकास निर्देशनालयले सञ्चालन गर्दै आएको छ ।

निर्देशनालयमा जिम्मेवारी सरेर आएयता उक्त कार्यक्रमले गति लिन सकेको छैन । आर्थिक वर्ष २०७८/७९ देखि आर्थिक वर्ष २०८०/८१ सम्ममा निर्देशनालयले १० हजार २ सय ८७ जनाको छोरी शिक्षा बीमा गरेको छ । यसरी ६ वर्षमा कुल १५ हजार ९ सय ५३ जनाको मात्र छोरी शिक्षा बीमा गरिएको छ ।

जनता समाजवादी नेपालका प्रदेश सासद अब्दुल कलाम अजादले प्रदेश सरकार 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम सञ्चालनमा उदासीन भएको बताए । सरकारले व्यवस्थित रूपमा कार्यक्रम सञ्चालन नगर्दा यसको प्रभावकारिता नदेखिएको उनको भनाइ छ ।

छोरी शिक्षा बीमा कार्यक्रम मधेश प्रदेशका पिछडिएका समुदाय, दलित, आदिवासी, जनजाति, मुस्लिम र विपन्न परिवारहरूलाई ध्यानमा राखेर ल्याइएको निर्देशनालयका किशोरी कापरले बताए । स्थानीय तह र प्रदेश सरकारको समन्वय र सहकार्य नहुँदा शिक्षा बीमाले गति लिन नसकेको उनले स्वीकारे ।

प्रदेशमा अधिकांश गरीब परिवारका अभिभावकले प्रदेश सरकारको वेबसाइट, अनलाइन माध्यम प्रयोग गर्न नजान्ने र गाउँ घरमा अनलाइन फारम भर्ने सुविधा नहुँदा पनि बीमा कार्यक्रम प्रभावित भएको कापरको भनाइ छ । अनलाइनबाटै फारम भरेर यस कार्यक्रममा आबद्ध हुन सकिने भए पनि प्रचार प्रसारको अभावमा सर्वसाधारणले समयमै बीमा गराउन सकिरहेका छैनन् ।

छोरी शिक्षा बीमामा अहिलेसम्म ५९ करोड ७५ लाख ६१ हजार रुपैयाँ खर्च भएको निर्देशनालयले बताएको छ । यो कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २१ करोड २२ लाख र निर्देशनालयले ३८ करोड ५३ लाख रुपैयाँ खर्च गरेका हुन् ।

२०७८ माघ १ गतेयता जन्मिएका प्रत्येक बालिकालाई लक्षित गरी प्रदेश सरकारले छोरी शिक्षा बीमा कार्यक्रम सञ्चालनमा ल्याएको थियो । शिक्षामा छोरीको पहुँच बढाउन तथा बालविवाह लगायत सामाजिक विकृति रोक्ने उद्देश्यले सञ्चालित बीमा कार्यक्रममार्फत प्रदेशभरका छोरीले २० वर्षपछि ३ लाख रुपैयाँ पाउनेछन् । त्यसका लागि कम्तीमा कक्षा १२ सम्मको अध्ययन गरेको हुनुपर्छ ।

किशोरीको २० वर्ष नपुग्दै बिहे गराएको अवस्थामा उक्त सुविधा नपाइने कापरले बताए । 'बेटी बचाऊ, बेटी पढाऊ' कार्यक्रमका अधिकांश परियोजना शुरूमै विवादित हुँदा यसको असर छोरी शिक्षा बीमामा पनि परेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सूचना अधिकारी जयकुमार राउतले बताए । मधेश प्रदेशमा बारम्बार सरकार परिवर्तन हुनु र सरकारको नीतिनियम परिवर्तनका कारण छोरी शिक्षा बीमा लगायत कार्यक्रम अपेक्षाकृत प्रभावकारी हुन नसकेको उनको भनाइ छ ।




**छोरी शिक्षा बीमामा अहिलेसम्म ५९ करोड ७५ लाख ६१ हजार रूपैयाँ खर्च भएको निर्देशनालयले बताएको छ । यो कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २१ करोड २२ लाख र निर्देशनालयले ३८ करोड ५३ लाख रूपैयाँ खर्च गरेका हुन् ।**

# 'क्लाइमेट च्याम्पियन' प्रतियोगिता गर्दै स्टार्टअप डिस्कभरी एसिया




काठमाडौं (अस) । स्टार्टअप डिस्कभरी एसियाले जलवायु परिवर्तनका जोखिम न्यूनीकरण सशक्त बनाउने उद्देश्यले नेपालका नवप्रवर्तनहरूबीच 'क्लाइमेट च्याम्पियन' प्रतियोगिता आयोजना गर्ने भएको छ । अजरबैजानको राजधानी बाकुमा वातावरण परिवर्तनसम्बन्धी वार्षिक सम्मेलन हुन लागेको समयमा नेपालमा पनि 'क्लाइमेट च्याम्पियन' प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ । १२२ आवेदनकर्तामध्ये छानिएका ७ प्रतिस्पर्धीले यही कात्तिक २८ गते निर्णायक मण्डलसामु आफ्ना प्रस्तुति दिँदै अन्तिम प्रतिस्पर्धा गर्नेछन्, जसको उद्देश्य खाद्य प्रणाली, विद्युतीय यातायात, पानी तथा सरसफाइ, विपद् तयारी तथा प्रतिक्रिया, वातावरणीय परिवर्तनका लागि डिजिटाइजेसन, सफा र नवीकरणीय ऊर्जा र उत्पादनजस्ता महत्त्वपूर्ण क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थालाई सशक्त बनाउनु रहेको छ ।

उक्त कार्यक्रम ललितपुरको सानेपास्थित इडेन एम्फिथिएटरमा दिउँसो २ बजेबाट साँझ ६ बजेसम्म सञ्चालन हुनेछ । उक्त प्रतिस्पर्धाको कुल पुरस्कार राशी २ लाख रुपैयाँ रहेको छ ।

विश्वव्यापी कार्बन उत्सर्जनमा नेपालको योगदान नगन्य भए तापनि वातावरणीय परिवर्तन र त्यसका जोखिमहरूबाट संवेदनशील देशमध्ये पर्छ । वातावरणीय जोखिम सूचकांकले सन् २००० देखि २०१९ सम्म नेपाललाई वातावरणीय परिवर्तनबाट सर्वाधिक प्रभावित देशहरूको १०औं स्थानमा राखेको छ ।

# रवि लामिछानेलाई थप १३ दिन हिरासतमा राख्न अदालतको अनुमति

काठमाडौं (अस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १३ दिन हिरासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले आइतवार अनुमति दिएको छ । जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको एकल इजलासले सभापति लामिछानेलाई हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिएका छन् । प्रहरीले सभापति लामिछानेलाई आइतवार कार्यालय समय खुलेलगत्तै म्याद थपका लागि अदालत लगेको थियो । पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारीको रकम अपचलन गरेको अभियोगमा सभापति लामिछाने यही कात्तिक २ गते पक्राउ परेका हुन् । उनलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएकोमा पहिलोपटक पक्राउ परेको मितिले सात दिन र दोस्रो पटक कात्तिक ७ गते थप सात दिन म्याद थप गरिएको थियो । कात्तिक २० गते तेस्रोपटक कात्तिक १५ गतेदेखि लागू हुने गरी १० दिनको अनुसन्धान समय दिइएको थियो । सभापति लामिछानेलाई प्रहरीले अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखेको छ ।

**ग्याँसको चुहावटले हुने दुर्घटना बाट बचौं !**

**खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न:**
- सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं,
- भान्सामा सिलिन्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं,
- गुणस्तरयुक्त रेगुलेटर, पाईप र चुलो प्रयोग गरौं,
- समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं,
- ग्याँस सिलिण्डरको प्रयोग अवधी हेरेर मात्र खरिद गरौं,
- काम सकेपछि सधै रेगुलेटर बन्द गरौं,
- भान्साकोठाको झ्याल ढोका सधैं खुला राखौं,
- सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**तथ्यांकोवाच**

**नेपालमा ब्रोडब्यान्ड इन्टरनेटको पहुँच (२०८१ असार मसान्तसम्म)**

| सेवाहरू | | सेवाप्रदायक अनुसार प्रयोगकर्ता | | | कुल |
|---|---|---|---|---|---|
| | | नेपाल दूरसञ्चार कम्पनी लि. | एनसेल | आइएसपी | |
| फिक्स्ड ब्रोडब्यान्ड (वायर्ड) | एडीएसएल/केबल | ५,२२७ | – | ६१६ | ५,८४३ |
| | एफटीटीएच | ३०८,३१८ | – | २,४९६,६१० | २,८०४,९२८ |
| फिक्स्ड ब्रोडब्यान्ड (वायरलेस) | रेडियो (वाइफाई) | – | – | ६,७३८ | ६,७३८ |
| मोबाइल ब्रोडब्यान्ड | टूजी | १,४५८,९८६ | १,८३६,५६६ | | १,४५८,९८६ |
| | थ्रीजी | ५,६८३,१०६ | | – | ७,५१९,६७२ |
| | फोरजी | १५,२८१,९३७ | ६,९५०,४७९ | – | २२,२३२,४१६ |
| | इभीडीओ | | | | – |
| कुल | २२,७३७,५७४ | ८,७८७,०४५ | २,५०३,९६४ | ३४,०२८,५८३ | |

*स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण*